'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २५५ ★ ने. सं. ११४६ अला गा, दशमी ★ सोमबार ★ १९ असोज, २०८३ ★ October 5, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# सचेत र सङ्गठित शक्तिले मात्र क्रान्तिलाई सफलतामा पुऱ्याउने




भक्तपुर, १८ असोज । नेपाल प्राध्यापक समाज केन्द्रीय समितिको आयोजनामा 'वातावरण सङ्कट र समाधान' विषयक अन्तरक्रिया कार्यक्रम आइतबार ख्वप कलेजमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले एउटै विषयवस्तुलाई फरक फरक दृष्टिकोणले हेर्दा फरक फरक विचार देखापर्ने चर्चा गर्दै भन्नुभयो, "गौतम बुद्धले संसारमा दुःख छ, दुःखको कारण छ, दुःखबाट मुक्ति पाउन सकिन्छ भनी विचार व्यक्त गर्नुभयो; भौतिकवादीहरूले दुःखको कारण शोषण हो भनी व्याख्या गर्नुभयो । अर्थशास्त्री माल्थसले जनसङ्ख्या वृद्धिले भोकमरी र युद्ध हुने, प्राकृतिक प्रकोप वा रोगब्याधी फैलिने र अन्तमा प्रकृतिले नै जनसङ्ख्या नियन्त्रण गर्ने कुरा उल्लेख गर्नुभयो । तर, उहाँले पुँजीपतिवर्गले उपभोग्य वस्तुको मूल्य वृद्धि गरेर गरीबहरू भोकमरीमा पर्ने, किटाणु, जीवाणु, परजीवीको कारण रोग लाग्ने कुराहरू उल्लेख गर्नुभएन ।"

जनसङ्ख्या धेरै भएर मात्र क्रान्ति नहुने बरू सचेत र सङ्गठित जनताले मात्र क्रान्ति गर्न सक्ने धारणा राख्दै अध्यक्ष बिजुक्छेंले अमेरिकी स्वतन्त्रता आन्दोलनको समयमा संरा अमेरिकामा धेरै जनसङ्ख्या नभएको उदाहरण प्रस्तुत गर्नुभयो ।

उहाँले भन्नुभयो, "स्थानीय स्रोत साधनको बढीभन्दा बढी सदुपयोग गर्न सकियो भने वातावरण संरक्षण हुनुको साथै देशको विकास र जनताका आवश्यकता पूरा हुनेछ । ब्राजिलको जङ्गललाई संसारकै फोक्सो मानिन्छ । तर त्यहाँका राष्ट्रपति बोल्सोनाराले रूखहरू काट्न लगाई वातावरण बिगार्ने काम गराए । इजरायलका प्रधानमन्त्रीले इरान र प्यालेस्टिनमाथि युद्ध थोपरे; संरा अमेरिकाले इजरायललाई सहयोग र साथ दियो । युद्धले वातावरण बिग्रिरहेको छ । यदि अमेरिकाले युद्धमा गरेको खर्च रकम गरिब देशको विकासमा सहयोग गरेको भए संसारका गरिबहरूले पनि सुखका साथ बाँच्न पाउँथे ।"

सत्तामा पुगेका पार्टीका नेता र उच्च ओहदाका कर्मचारीहरू जनताको सेवाभन्दा पनि व्यक्तिगत स्वार्थमा लिप्त भएका कारण देश विकासको योजना कार्यान्वयन हुन नसकिरहेको बारे बुद्धिजीवी र सचेत वर्गले बहुमत सर्वसाधारण जनतालाई राम्ररी बुझाउन जरूरी रहेको उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "चीनले उजाड मरूभूमिलाई पनि हरियाली बनाइरहेको छ; जलविद्युत् र सौर्यप्रणालीलाई जोड दिई विश्वको तापमाम वृद्धिलाई रोक्ने प्रयास गरिरहेको छ । तर, अमेरिकाले हतियार र युद्ध निर्यात गरी संसारमा अशान्ति मच्चाउने दुष्प्रयास गरिरहेको छ ।"

आयोजक समितिका उपाध्यक्ष एवम् ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा उहाँले शिक्षक-प्राध्यापकहरू निरन्तर अध्ययनशील भई प्राकृतिक प्रकोपलगायत समसामयिक विषयमा छलफल, अन्तरक्रियाजस्ता कार्यक्रममा लागिरहँदा थप ऊर्जा प्राप्त हुने र त्यस्तो ऊर्जाशक्तिले समाजमा सचेतना बढाउन सकिने धारणा राख्नुभयो ।

आयोजक समाजका केन्द्रीय सचिव एवम् ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले सञ्चालन गर्नुभएको सो कार्यक्रममा उहाँले इसानबाट प्रकाशित 'वातावरणः सङ्कट र सभाधान' पुस्तकमा उल्लेखित विषयको सङ्क्षिप्त जानकारी प्रस्तुत गर्नुभयो ।

समाजका केन्द्रीय सदस्य एवम् ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य

बाँकी पृष्ठ २ मा

# जनसेवा बजेट कटौती गर्ने सरकार जनताको हुन नसक्ने

सुर्खेत, १८ असोज । नेपाल मजदुर किसान पार्टीको वीरेन्द्रनगर दोस्रो नगर सम्मेलनको बन्दसत्र आइतबार तल्लो बजारमा सम्पन्न भयो ।

बन्दसत्रमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले वातावरण र यसबाट भएको सङ्कटबारे नेमकिपाले पुस्तक प्रकाशित गरी संसारको ध्यानाकर्षण गराउँदै आएको बताउनुभयो ।

संरा अमेरिकी सरकार जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिबाट फिर्ता भएको र प्रदूषण फालेर पृथ्वीको तापक्रम वृद्धि गराएको विषयलाई नेपालका आजसम्मका सरकारहरूले अन्तर्राष्ट्रिय दबुमा उठाउन नसकेकै कारण पनि रसुवाको भोटेकोसी हिमपहिरोबाट नेपाली जनता पीडित हुनुपरेको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "आजसम्मका सरकारहरूले एसियाली विकास बैङ्क, विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषको निर्देशनमा कृत्रिम रूपमा जीडीपी बढाउने र विदेशी ऋृण थपेर कर्मचारी र सेनाको सुविधा बढाएर सरकारमा टिक्ने काम गर्दै आएको एकपछि अर्को घटनाबाट पुष्टि भइरहेको छ । "

सर्वसाधारण जनताको सेवा हुने स्वास्थ्य बीमाको अनुदान रकमसमेत घटाउने सरकारहरू जनताको हुन नसक्ने उहाँले स्पष्ट पार्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "देशभक्त सरकारले नेपालको हितविपरीतका सन् १९५० को नेपाल-भारत सन्धि, सन् १९४७ को गोर्खा भर्ती, एमसीसीलगायत सन्धि-सम्झौता खारेज गर्नु जरूरी हुन्छ । शान्ति र न्यायका पक्षधर सबैले इरान, प्यालेस्टिन, रूसविरूद्ध साम्राज्यवादीहरूको आक्रमणको विरोध गर्नु आवश्यक छ ।"

नेमकिपा कर्णाली प्रदेश संयोजक सरोजराज गोसाईंले जलवायु परिवर्तनबारे 'वातावरण : सङ्कट र समाधान' विषयक प्रशिक्षण दिनुभयो । पुँजीवादी उत्पादन प्रणालीकै कारण वातावरणीय सङ्कट बढेको र आर्थिक असमानता चर्केको चर्चा गर्दै संयोजक गोसाईले उपभोक्तावादी संस्कृति पुँजीवादी व्यवस्थाकै विकृति हो भन्नुभयो ।

नेमकिपा केन्द्रीय सल्लाहकार समिति सदस्य नर्मा गुरूङले पार्टीको विचारलाई जनताको घरदैलोसम्म पुऱ्याउन कार्यकर्ताहरू थप सक्रिय हुनु आवश्यक छ भन्नुभयो ।

नेमकिपा वीरेन्द्रनगर नगर सम्मेलन तयारी समितिका संयोजक शेरबहादुर शाहीले सम्मेलन सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

नेमकिपा वीरेन्द्रनगर दोस्रो नगर सम्मेलनको बन्दसत्रबाट कुस्माखर खनालको अध्यक्षता नेमकिपा वीरेन्द्रनगर नगर समिति सर्वसहमति निर्वाचित गरियो ।

# अपाङ्गता भएका व्यक्ति र अभिभावकहरूबिच शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम



भक्तपुर, १८ असोज । विजयादशमी तथा शुभ दीपावली २०८३ को अवसरमा भक्तपुर नगर क्षेत्रभित्रका विभिन्न वर्गका अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका अभिभावकबिच शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको सो कार्यक्रममा नगरपालिकाबाट परिचयपत्र प्राप्त रातो, नीलो, पहेँलो र सेतो वर्गका अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका अभिभावकको सहभागिता रहेको थियो । कार्यक्रममा भक्तपुर नगरपालिकाले सञ्चालन गरेको तीनमहिने साङ्केतिक भाषा तालिमका सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अपाङ्गता भएका व्यक्तिका लागि साङ्केतिक भाषा महत्त्वपूर्ण भएकोले यसको आवश्यकता महसुस गरी नगरपालिकाले तालिम सञ्चालन गरेको बताउनुभयो । उहाँले तालिमबाट प्राप्त ज्ञान र सीपको सदुपयोग गर्न आग्रह गर्नुभयो ।

अपाङ्गता भएका व्यक्तिमा पनि फरक-फरक क्षमता हुने भएकाले उनीहरूको क्षमता पहिचान गरी प्रोत्साहित गर्नुपर्नेमा नगर प्रमुख प्रजापतिले जोड दिनुभयो । अपाङ्गता विभिन्न स्वास्थ्य अवस्था, वंशानुगत कारण, जन्मजात अवस्था वा दुर्घटनाका कारण हुनसक्ने उल्लेख गर्दै अपाङ्गता भएका व्यक्तिमाथि कुनै पनि प्रकारको भेदभाव गर्न नहुने र अपाङ्गतामैत्री संरचना निर्माणमा नगरपालिकाले जोड दिँदै आएको उल्लेख गर्नुभयो ।

उहाँले अपाङ्गता भएका व्यक्तिका लागि नगरपालिकाले घरदैलो नर्सिङ सेवा सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख तथा अपाङ्गता समिति संयोजक रजनी जोशीले चाडपर्वका समयमा अपाङ्गता भएका व्यक्तिको विशेष ख्याल राख्दै सन्तुलित खाना खुवाउनुपर्ने बताउनुभयो ।

बाँकी पृष्ठ ८ मा

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १३६

**तत्कालीन प्रहरी अतिरिक्त महानिरीक्षक हाल प्रहरी महानिरीक्षक दानबहादुर कार्की**

हालका प्रहरी महानिरीक्षक दानबहादुर कार्की भदौ २३ र २४ गते प्रहरी अतिरिक्त महानिरीक्षक थिए । भदौ २३ गते उनी नेपाल प्रहरी प्रधानकार्यालय नक्सालको मानव स्रोत विकास विभागको प्रमुखको रूपमा कार्यरत थिए । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार उनले मानव स्रोत विकास विभागबाट काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीको प्रमुखको रूपमा सरुवा भई २०८२ भदौ २४ गते बिहान ९:०० बजेदेखि काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीको जिम्मेवारी सम्हालेको देखिन्छ । जिम्मेवारी सम्हालेको केही क्षणमै गृहमन्त्रालयबाट बोलावट भएपछि प्रधानमन्त्री निवास बालुवाटार, सैनिक मुख्यालयलगायत उच्चस्तरीय सुरक्षा बैठकहरूमा सहभागी भई निरन्तर रिपोर्टिङ, समन्वय र निर्देशनको भूमिकामा सक्रिय रहेको निजको भनाइ छ ।

भदौ २४ गते काठमाडौँ उपत्यकालगायत देशभरिका विभिन्न स्थानमा सरकारी कार्यालय, प्रहरी कार्यालय, निजी निवास तथा व्यापारिक प्रतिष्ठानहरूमा एकैसाथ आक्रमण भएको थियो । उक्त परिस्थितिमा प्रहरी कार्यालय/वृत्त, पोस्ट, बिट बचाउन सक्ने अवस्था नहुँदा प्रहरी एकाइहरूमा हिरासतमा रहेका थुनुवाहरूलाई बचाउन, प्रहरीलाई सुरक्षित राख्न, हातहतियार सुरक्षित राख्न र प्रहरीले आक्रमणकारीमाथि बल प्रयोग गर्दा धेरै ठूलो सङ्ख्यामा मानवीय क्षति हुने भएकोले थुनुवा छोड्न तत्कालीन प्रहरी महानिरीक्षकको निर्देशनमा ख्अतयच ऋयलतचर्या को आदेश उपत्यकास्थित सबै प्रहरी कार्यालयलाई रिले गरेको देखिन्छ ।

भदौ २४ गतेको घटनामा काठमाडौँ उपत्यकामा रहेका प्रहरी वृत्त र चौकीमा तैनाथ प्रहरीहरूले दिएको बयानमा ख्अतयच ऋयलतचर्या को आदेशमा प्रहरी पोस्ट छोडेको, थुनुवा छोडेको र हातहतियार बोकेर सुरक्षित स्थानतिर गएको भन्ने रहेको छ । उक्त दिनको अवस्था वास्तवमै सामान्य थिएन र त्यस अवस्थामा सुरक्षा उपाय

बाँकी पृष्ठ ३ मा



**असनमा '१२ बजे' र 'क्षरावती द्यो' मञ्चन**
करिब ४५/५० वर्ष अघिसम्म इन्द्रजात्राको अवसरमा करिब महिना दिनसम्म असनको डबलीमा नाटक मञ्चन गरिने इतिहासलाई कामपा वडा २७ ले पुन:जागृत गरेपछि असनको डबलीमा स्टार वाचनालयको प्रतिनिधित्व गर्दै नाटककार रामशेखर नकर्मी रचित नेपाल भाषाको दुई नाटक '१२ बजे' र 'क्षरावती द्यो' मञ्चन हुँदै गर्दा शनिबार । *तस्बिर : मजदुर दैनिक*

# पल्पसा साकोसको १९ औँ वार्षिक साधारणसभा

भक्तपुर, १८ असोज । पल्पसा साकोसको १९ औँ वार्षिक साधारणसभा शनिबार सम्पन्न भयो । संस्थाका ज्येष्ठ सदस्य कान्छीबेटी गारुले पानसमा दीप प्रज्वलन गरी अधिवेशनको उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा भनपा ४ का वडाध्यक्ष उपेन्द्र सुवालले सहकारी अवधारणाको विकासबारे बताउँदै अमेरिकामा मजदुरवर्ग र चीनमा किसानवर्गले कमाएको पैसा बचत गर्न समुदायमा आधारित सहकारी विकास गरेको इतिहासबारे स्पष्ट पार्दै सामूहिक हितका लागि पल्पसा साकोसले सुरुदेखि गर्दै आइरहेको कामलाई सकारात्मकरूपमा लिन सकिने विचार व्यक्त गर्नुभयो ।

ख्वप साकोसका अध्यक्ष राजकुमार लघुले संस्थाको वार्षिक प्रतिवेदन प्रकाशनमा उल्लेख भएअनुसार संस्थाले बर्सेनि गरिरहेको नाफालाई सकारात्मकरूपमा लिँदै आर्थिक पारदर्शिता र जवाफदेहितामा प्रत्येक सहकारीले ध्यान दिनुपर्ने कुरा बताउँदै सदस्यहरूको आर्थिक सुरक्षाको निम्ति संस्थाले निर्वाह गर्दै आइरहेको भूमिका सकारात्मक भएको उल्लेख गर्नुभयो । जिल्ला बचतले सहकारीसम्बन्धी ऐन नियमहरू नियमन गर्ने काम गर्दै आइरहेको उहाँले स्पष्ट पार्नुभयो ।

पल्पसा साकोसका अध्यक्ष पुष्पलाल सुजखूले सभापतित्वको आसनबाट बोल्दै समाजवादी दृष्टिकोणबाट प्रभावित भई समुदायको हितका लागि संस्थाले समयसापेक्ष गतिविधिहरू गर्दै आइरहेको चर्चा गर्नुभयो ।

उक्त अधिवेशनमा संस्थाका सचिव हरिकृष्ण प्रजापतिले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

संस्थाका कोषाध्यक्ष प्रेमलक्ष्मी त्वायनाले आ.व. २०८२/८३ को आयव्यय र अनुमानित बजेट प्रस्तुत गर्नुभयो ।

लेखा सुपरिवेक्षण समिति संयोजक सुरेन्द्र सुवालले संस्थाको आर्थिक अवस्थाबारे प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

निर्वाचन समिति संयोजक दिनेश चौगुठीले निर्विरोध निर्वाचित संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको नामावली घोषणा गर्दै प्रमाणपत्र वितरण गर्नुभयो ।

संस्थाको अधिवेशनबाट निर्विरोध अध्यक्ष पदमा निर्वाचित कृष्णगोविन्द दुवाललगायत सम्पूर्ण पदाधिकारीहरूलाई शपथग्रहण गराइएको थियो । उक्त कार्यक्रममा सञ्चालक समिति सदस्य सविर प्रजापतिले पनि बोल्नुभयो ।

साधारणसभाबाट आगामी आ.व.२०८२/८३ को लागि अनुमानित बजेट, लेखा सुपरिवेक्षण प्रतिवेदन, पारिश्रमिक निर्धारण, सञ्चालक समितिबाट भएका निर्णयहरू पारित गरियो

# झीगु ख्वपको १९ औँ साधारणसभा सम्पन्न

भक्तपुर, १८ असोज । झीगु ख्वप बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरको १९ औँ साधारणसभा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं संस्थाका संस्थापक सदस्य उकेश कवांको प्रमुख आतिथ्यमा संस्थाका अध्यक्ष नारायणप्रसाद कवांको सभापतित्वमा शनिबार सम्पन्न भयो ।

प्रमख अतिथि कवांले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

अतिथि उकेश कवांले नेपाली काङ्ग्रेस, एमाले माओवादीलगायत सरकारमा गएका पार्टीहरूले जनताको भावनाअनुरूप काम नगर्दा सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत जलाएर रास्वपा सरकारमा जाने अवसर मिलेको बताउनुभयो । विदेशको कुरा सुन्ने र विदेशी ऋणको भरमा सरकार चलाउनेले देश र जनताको हित गर्न नसक्ने उहाँले बताउनुभयो ।

संस्थाका उपाध्यक्ष पुण्यराम कवांले स्वागत गर्दै समयले जन्माएका संस्थाहरू सदस्य तथा जनसेवामा समर्पित हुनुपर्ने बताउनुभयो ।



कार्यक्रममा संस्थाका सचिव आशाकुमार चिकंबन्जारले संस्थाको आ.व. २०८२।०८३ को प्रगति प्रतिवेदन तथा आगामी वर्षको भावी कार्यक्रम प्रस्तुत गर्नुभयो ।

कोषाध्यक्ष विष्णुप्रसाद किसीले २०८२।०८३ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८३।०८४ को अनुमानित बजेट प्रस्तुत गर्नुभयो । लेखा सुपरीवेक्षण समितिका संयोजक अनिता सिंख्वालले २०८२।०८३ को प्रतिवेदन तथा समितिको तर्फबाट सुझाव प्रस्तुत गर्नुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका प्रतिनिधि चण्डिका छुकांले समय समयमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा सहकारी विभागले ऐन, नियम तथा निर्देशन जारी गर्दा समुदायमा आधारित सहकारी संस्थाहरू अलमलमा परेको उल्लेख गर्दै अनुभवी संस्थाहरू जनताको सेवामा समर्पित हुँदै आएको बताउनुभयो ।

संस्थाका कानुनी सल्लाहकार एवं अधिवक्ता रामप्रसाद प्रजापतिले संसद्मा जनताको नि:स्वार्थ सेवा गर्ने जनप्रतिनिधि पुऱ्याउन नसकेमा जनताले दु:ख पाउने बताउनुभयो ।

संस्थाका सल्लाहकार नाति कवांले कामदारवर्गको हितमा काम गर्ने पार्टीलाई चुनावमा निर्वाचित गर्नुपर्ने बताउनुभयो ।

संस्थापक अध्यक्ष श्रीकृष्ण किसीले सहकारी संस्थाले समाजको सेवा गरेमा जनताको विश्वास बढ्ने र पुरानो पुस्ताले गरेको योगदानले गर्दा आज किसान र मजदुरहरूको जीवन स्तर माथि उठेको बताउनुभयो ।

कार्यक्रममा संस्थाका सदस्यका छोराछोरीहरूमध्ये एस.ई.ई. मा सार्वजनिक र संस्थागत विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउने छात्रा दुई र छात्र दुईलाई मेडल, ट्रफी तथा चित्रकला प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो । वासिङ मेसिनमा प्रयोग गरिने सोडा बनाउने तालिममा सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष पुण्यराम कवां र व्यवस्थापक तुल्सीराम ग्वाछाले आर्थिक कारोबारमा इमानदारीता र पारदर्शिता हुनुका साथै समाज सेवाका कार्यहरू गर्न सकेमा संस्थाप्रति जनविश्वास बढ्ने बताउनुभयो ।

संस्थाका ७० वर्ष माथिका ज्येष्ठ सदस्यहरूलाई संस्थापक अध्यक्ष श्रीकृष्ण किसीले फूलको माला, अध्यक्ष नारायणप्रसाद कवांले सम्मानपत्र र प्रमुख अतिथि उकेश कवांले दोसल्ला ओढाई ९१ जनालाई सम्मान गर्नुभएको थियो ।

# जय भीमसेनको १९ औँ वार्षिक साधारणसभा



भक्तपुर, १८ असोज । जय भीमसेन बचत तथा ऋण सहकारी संस्था लि. को १९ औँ वार्षिक साधारणसभा संस्थाकै ज्येष्ठ शेयर सदस्य भक्तनारायण कवांको प्रमुख आतिथ्यमा शनिबार सिद्धि गणेश तालिम हलमा सम्पन्न भयो ।

संस्थाका अध्यक्ष दसबहादुर मानन्धरको सभापतित्वमा भएको सो कार्यक्रममा कानुनी सल्लाहकार रामप्रसाद प्रजापतिले सहकारी सदस्य र संस्थाबिच आर्थिक लेनदेनमात्र नभई प्रत्येक सदस्यहरूको दैनिक जीवनदेखि आर्थिक/सामाजिक सबै क्षेत्रमा स्तरोन्नति गर्न लाग्नुपर्ने र त्यसको लागि सहकारी संस्थाले आवश्यक तालिम र सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

साधारणसभामा अतिथि एवम् सल्लाहकार पुरुषोत्तम ग्वाछाले हालको समयमा सामाजिक सञ्जालको बढ्दो विकृति, विसङ्गति र भ्रामक सूचना सम्प्रेषणप्रति सचेत र सजग रहन सदस्यहरूलाई सुसूचित गर्नुपर्ने विषयमा प्रकाश पार्नुभयो ।

आउँदो कार्तिक ६ र ७ गते ४६ औँ नेपालभाषा साहित्य त:मुंज्या गोल्मढी यातामा हुने जानकारी दिँदै उहाँले आ-आफ्नो स्थानबाट सहयोग गर्न आग्रह गर्नुभयो ।

संस्थाका अध्यक्ष दसबहादुर मानन्धरले अध्यक्षको प्रतिवेदन, संस्थाका सचिव सुरोज कवांले सचिवको प्रतिवेदन, कोषाध्यक्ष बिकुनारायण कवां, लेखा सुपरिवेक्षण संयोजक बुद्धराम शिल्पकारले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा संस्थापक अध्यक्ष गणेशभक्त खिचाजु, पूर्वअध्यक्ष रत्नबहादुर शिल्पकार, निवर्तमान अध्यक्ष रामकाजी शिल्पकारले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

संस्थाका उपाध्यक्ष देवभक्त गोसाईले स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा साधारणसभाका संयोजक रामलक्ष्मी शिलाकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सञ्चालक सदस्य रत्नप्रसाद शिल्पकारले सञ्चालन गरेको उक्त साधारणसभामा असल बचतकर्ता, असल ऋणी र असल बाल बचतकर्तालाई सम्मान तथा मायाको चिनो प्रदान गरिएको थियो ।

# उर्वरभूमि कृषि सहकारीको ११ औँ वार्षिक साधारणसभा

भक्तपुर, १८ असोज । उर्वरभूमि कृषि सहकारी संस्था लिमिटेड, भक्तपुरको ११ औँ वार्षिक साधारणसभा शनिबार सम्पन्न भयो ।

सभाका प्रमुख अतिथि एवं संस्थाका ज्येष्ठ संस्थापक सदस्य रणबहादुर छुस्याकीले सहकारी संस्थाहरूले व्यवहारिक रुपमा प्रभावकारी काम गर्न सके मात्र समुदाय तथा समाजका नागरिकको सेवा गर्न सकिने बताउनुभयो ।

सहकारीले नाफालाई मात्र प्राथमिकता नदिई सामाजिक सेवामा समेत जोड दिनुपर्ने उल्लेख गर्दै उहाँले सामूहिक हितका लागि सहकारी संस्थाहरूले आफ्नो भूमिका प्रभावकारी बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।



कार्यक्रममा सहकारीकर्मी दिनेश ग्वाछाले सहकारी क्षेत्रसँग सम्बन्धित विभिन्न नीतिगत तथ्य तथा तथ्याङ्कको विश्लेषण गर्दै मुलुकमा देखिएको आर्थिक सङ्कटले सहकारी क्षेत्रमा पारेको प्रभावबारे जानकारी गराउनुभयो । उहाँले विभिन्न सरकारी निकायबाट जारी नीति तथा निर्देशनका कारण सहकारी संस्थाहरूले भोग्नुपरेका नीतिगत तथा प्राविधिक समस्याबारे समेत चर्चा गर्नुभयो ।

संस्थाका अध्यक्ष राकेश सुकुपायोको सभापतित्वमा सम्पन्न साधारणसभामा संस्थाका उपाध्यक्ष नारायणप्रसाद मचामसी, सचिव सुन्दर ग्वाछा, कोषाध्यक्ष केशव हाकुदुवाल, लेखा संयोजक नारायणसुन्दर शिल्पकार तथा मुना लवजुले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

साधारणसभामा संस्थाको विगतको कार्यप्रगति, वर्तमान अवस्था तथा आगामी कार्यदिशाका विषयमा छलफल गरिएको थियो ।

**सचेत....**

ई. सुनिल दुवालले 'वातावरणीय सङ्कट, जलवायु परिवर्तन र पुँजीवाद' बारे श्रव्य दृश्यसहित तथ्यगत जानकारी व्याख्यात्मक रूपमा प्रस्तुत गर्नुभयो ।

समाजका केन्द्रीय सदस्य एवम् ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँले भू-गर्भविद्को हैसियतले पृथ्वीको बनोट, बाढी, पहिरो, भूकम्प, हिमाली क्षेत्रका प्राकृतिक प्रकोपलगायतका विषयमा श्रव्यदृश्यसहित व्याख्यात्मक प्रस्तुतीकरण गर्नुभयो ।

समाजका केन्द्रीय सदस्य एवम् वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले स्वागत मन्तव्य राख्दै भन्नुभयो, "प्राकृतिक विपद्ले मात्र होइन, मानवीय कारणले पनि वातावरणमा सङ्कट देखा परेको छ ।"

कार्यक्रममा ख्वप कलेजका शिक्षक सुनिता गाइसी, वागीश्वरी कलेजका राजन फेलुगायतले जिज्ञासा राख्दै आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# आदर्श आजादमा इतिहास तथा भूगोल पहिचान प्रस्तुति कार्यक्रम

भक्तपुर, असोज १८ । सार्वजनिक माध्यमिक विद्यालय संयुक्त परीक्षा समितिको शैक्षिक सत्र २०८३ को वार्षिक कार्यतालिकाअनुसार आदर्श आजाद माविको आयोजनामा इतिहास तथा भूगोल पहिचान प्रस्तुति कार्यक्रम आज सम्पन्न भयो ।

जिल्लाका १७ वटा विद्यालयका ३४ जना विद्यार्थीहरूले राष्ट्रिय - अन्तर्राष्ट्रिय १७ व्यक्तित्वहरूको परिचय, योगदान र प्रेरणाबारे पावर प्वाइन्ट प्रस्तुतीकरण गरेका थिए ।

कार्यक्रममा समितिका सार्वजनिक माध्यमिक विद्यालय समितिका अध्यक्ष रोशनराज तुइतुईले विद्यार्थीहरूको आजको प्रस्तुतिले विश्वका १७ महान व्यक्तित्वका बारेमा छोटो समयमै छर्लङ्ग पारेको र यसले अध्ययन र प्रविधिमा विद्यार्थीहरूलाई थप हौसला मिल्ने बताउनुभयो ।

आयोजक विद्यालयका प्रधानाध्यापक सुभद्रा दुवालको सभापतित्वमा भएको सो कार्यक्रममा वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्य, बासु माविका प्रधानाध्यापक रविलाल प्रधान र आदर्श आजादका प्लस टु इन्चार्ज शिवराम बोहजूले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# बेनी–जोमसोम–कोरला सडकको अवरोध हटाइँदै

म्याग्दी, १८ असोज । असोज ८ देखि ११ गतेसम्मको निरन्तरको झरीपछि क्षत् विक्षत बनेको चीन र भारत जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डमा भएको अवरोध हटाउन मर्मत कार्य तीव्र पारिएको छ ।

रसुवा र तातोपानी नाका बन्द भएका अवस्थामा चीनसँग व्यापारका लागि एकमात्र विकल्प बनेको कोरला नाका जोड्ने सडक मर्मत गरी जतिसक्दो छिटो यातायात सञ्चालनका लागि सरकारले उच्च प्राथमिकताका साथ काम अघि बढाएको हो । चीनसँगको व्यापारिक नाकाका अलावा मुस्ताङमा उत्पादन भएको स्याउ बजार पठाउने, दसैँ तिहारका लागि भेडाच्याङ्ग्रा बजार झार्ने र पर्यटकीय याम सुरू भइसकेकाले मुस्ताङलाई सडक यातायात सञ्जालमा जोड्ने बेनी-जोमसोम सडक मर्मतका लागि दबाब परेको छ ।

दुई सय दुई किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडकमा बाढी पहिरोले ५५ ठाउँमा क्षति पुर्‍याएको थियो । पर्वतको कुश्मा नगरपालिका-१ मालढुङ्गादेखि म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ राहुपारे र मुस्ताङको कोरला नाकादेखि म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ भुरूङ तातोपानी खण्डको सडक मर्मत भइसकेको जनाएको छ ।

म्याग्दीको राहुपारेदेखि पोखरेबगर खण्डको करिब १५ किलोमिटरमा सडक मर्मत हुन बाँकी छ । अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि रातोपानी, धिरच्याङ, महभीर, भीरकाटे, तिप्ल्याङ, बेगखोला, कुनौटा, सिरूवारी, बैसरी र राहुपारे क्षेत्रमा कालीगण्डकीले कटान गरेर पैदलयात्रा गर्न पनि कठिन बनाएको सडकको मर्मतका लागि पनि उपकरण परिचालन भएको आयोजना प्रमुख तेजस्वी शर्माले बताउनुभयो ।

रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरमा राहुघाट जलविद्युत् आयोजनाको विद्युत्गृह र स्वीचयार्ड परिसरमा कालीगण्डकीले कटान गरेको सडकको विकल्पमा मार्ग खुलाउन प्रयोगमा नरहेको ग्यान टि टावर हटाउन भएको ढिलाइले दुई दिन सडक मर्मतको काम प्रभावित बनेको योजना प्रमुख शर्माले बताउनुभयो ।

प्रमुख शर्माका अनुसार शनिबार तिल्केनीचौर छिचोलेर चमेरे हुँदै राहुपारेमा कालीगण्डकीले कटान गरेर भत्काएको सडक मर्मत थालिएको छ । तिल्केनीचौरमा अवरोध हटेपछि रघुगङ्गा गाउँपालिकाको केन्द्र मौवाफाँटसँग जिल्ला सदरमुकाम बेनीको यातायात सम्पर्क स्थापित भएको छ ।

यसैगरी, सुरक्षाकर्मी र स्वयंसेवकले तिल्केनीचौरदेखि सिरूवारी हुँदै बेगखोलासम्म ग्यालिनमा बोकेर डिजेल ढुवानी गरेपछि बैसरी र सिरूवारीमा थन्किएका एस्काभेटर सञ्चालन भएका छन् । मुस्ताङबाट ल्याएको र जलविद्युत् आयोजनासँग मौजुदा इन्धन सापटी मागेर पोखरेबगरबाट बेनीतर्फ सडक मर्मतमा उपकरण परिचालन भएको छ ।

# गलकोटमा दैवी विपत्ति ६३ घरमा क्षति

बागलुङ, १८ असोज । गलकोट नगरपालिका क्षेत्रमा असोज ९, १० र ११ गतेको बाढी, पहिरो र हुरीले ६३ घरमा क्षति भएको छ ।

गलकोट नगरपालिकाका अनुसार एउटा वडा कार्यालयसहित ६३ घरमा क्षति भएको छ । अन्य १३३ घरमा आंशिक क्षति भएको छ । हुरीले ३९ घर पूर्ण, ५२ घरमा आंशिक क्षति भएको छ ।

यसैगरी, पक्की सिँचाइका २१ संरचनामा धेरै र २४ वटामा सामान्य क्षति भएको छ । कच्ची सिँचाइका २०३ संरचनामा पनि नोक्सानी भएको छ ।

## हार्दिक समवेदना



जन्म : १९९२/१२/२३
निधन: २०८३/०६/१३

यस भजन मण्डलका अध्यक्ष पुण्यराम दुमरुका पूजनीय पिता **रत्नलाल दुमरू**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा उहाँको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**यातु गणेश भजन मण्डल परिवार**
कमलविनायक-१०, भक्तपुर



**किसानलाई धान भित्र्याउने चटारो :** काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-९, भण्डारी गाउँमा धान भित्र्याउँदै किसान । गाउँघरमा किसानले धान काट्न सुरु गरेका छन् । *तस्बिर : सनम सुवाल/रासस*

# चिनियाँ राजदूत सात सदस्यीय टोलीसहित लोमान्थाङमा

मुस्ताङ, १८ असोज । नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङसहित सात सदस्यीय टोली कोरलानाका हुँदै शनिबार उपल्लो मुस्ताङको लोमान्थाङ पुगेको छ ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी अजिता शर्माले "चिनियाँ राजदूत कोरलानाकाबाट मुस्ताङ आउनुभएको छ, भ्रमणसम्बन्धी विस्तृत जानकारी प्राप्त भएको छैन," भन्नुभयो । उहाँ तीनदिने भ्रमणमा लोमान्थाङ पुग्नुभएको, टोलीमा पाँच जना चिनियाँ रहेका र आज लोमान्थाङबाट कोरला नाका हुँदै चीनतर्फ प्रस्थान गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङका अनसार कोरला नाकाको वस्तुस्थिति बुझ्न चिनियाँ राजदूत मुस्ताङ आउनुभएको हो ।

लामो समयदेखि बन्द रहेको तातोपानी नाकाको विकल्प बनेको केरुङ भोटेकोसी बाढीबाट बगरमा परिणत भएपछि कोरला पुन: सञ्चालनको माग भइरहेका बेला चिनियाँ राजदूतको मुस्ताङ भ्रमणलाई अर्थपूर्ण मानिएको छ ।

रसुवा र तातोपानी नाका बन्द भएयता मुस्ताङ भन्सार कार्यालयले दैनिक रु. ३० करोडको हाराहारीमा राजस्व सङ्कलन गर्दै आएको थियो ।

# कृषि उपज केन्द्रबाट किसान र उपभोक्ता लाभान्वित

घोराही (दाङ), १८ असोज । घोराही उपमहानगरपालिका-१४ की सरिता केसी ताजा सागसब्जी तथा फलफूल खरिद गर्न बिहानै घोराही-१५ अमृतटोलस्थित कृषि उपज बिक्री केन्द्र पुग्नुहुन्छ ।

कृषि उपज बिक्री केन्द्रमा ताजा सागसब्जी सस्तोमा पाइने भएकाले दैनिक त्यहाँ जाने गरेको उहाँ बताउनुहुन्छ ।

किसानबाट सिधै सुपथ मूल्यमा आवश्यक सागसब्जी किन्न पाउँदा आफू खुसी भएको उहाँले बताउनुभयो । केन्द्र सञ्चालनमा आएपछि किसानले उत्पादन गरेका वस्तु बिक्रीका लागि सहज बजार पाउनुका साथै उपभोक्ताले पनि सस्तोमा ताजा कृषि उपज किन्न पाएको उहाँको भनाइ छ ।

घोराही उपमहानगरपालिका-१५ की सरिता खड्का पनि हरेक बिहान यही केन्द्रबाट सागसब्जी खरिद गर्नुहुन्छ । विगतमा किसानले आफ्नै तरिकाले सागसब्जी तथा फलफूल बिक्री गर्दै आए पनि कृषि उपज बिक्री केन्द्र सञ्चालनमा आएपछि किसान र उपभोक्ता दुवैलाई सहज भएको उहाँ बताउनुहुन्छ ।

बिचौलियाको प्रभाव कम हुँदा किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले पनि सुपथ मूल्यमा कृषि उपज खरिद गर्न पाउने उहाँले बताउनुभयो ।

घोराही उपमहानगरपालिका-७ का किसान रामकुमार चौधरीले व्यापारीले अन्यत्र सस्तो मूल्यमा सागसब्जी खरिद गर्न खोज्ने भए पनि कृषि उपज बिक्री केन्द्रमा आफूले तोकेको मूल्यमा बिक्री गर्न पाएको बताउनुभयो ।

उहाँले १५ कट्ठा जग्गामा व्यावसायिक रूपमा सागसब्जी खेती गर्दै आउनुभएको छ ।

केन्द्रमा आफ्नो उत्पादन राम्रोसँग बिक्री हुँदै आएको बताउँदै चौधरीले आफूले उत्पादन गरेका अधिकांश कृषि उपज यहीँ ल्याएर बिक्री गर्ने गरेको जानकारी दिनुभयो ।

घोराही उपमहानगरपालिका-८ की निर्मला चौधरी पनि घरमा उत्पादन भएको सागसब्जी बिक्री गर्न केन्द्रमा आउने गर्नुहुन्छ । व्यावसायिक रूपमा खेती नगरे पनि घरमा खाएर बचेको सागसब्जी बिक्री गर्न समस्या नभएको उहाँ बताउनुहुन्छ । केन्द्रबाट ताजा सागसब्जी सुपथ मूल्यमा पाउन थालेपछि उपभोक्तासमेत खुसी भएको उहाँको भनाइ छ ।

कृषि उपज बिक्री केन्द्रमा किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले पनि सुपथ मूल्यमा ताजा कृषि उपज खरिद गर्न पाउने अवस्था बनेको छ । घोराही उपमहानगरपालिकाले सञ्चालन गरेको केन्द्रमा किसानले दैनिक रु. १५ शुल्क तिरेर गाउँबाट ल्याएको ताजा सागसब्जी बिक्रीका लागि राख्ने गरेका छन् ।

घोराही उपमहानगरपालिका-१५ का वडाध्यक्ष रमेशकुमार पाण्डे कृषि उपज बिक्री केन्द्र सञ्चालनमा आएपछि ग्रामीण क्षेत्रका किसानलाई घरघरमा पुगेर सागसब्जी बिक्री गर्नुपर्ने बाध्यता हटेको छ भने बिचौलिया नहुँदा किसान र उपभोक्ता दुवै लाभान्वित भएका उहाँ बताउनुहुन्छ ।

***कार्की...***

अपनाउन आवश्यक कदम चाल्न जरुरी थियो । आयोग पदाधिकारीको फिल्ड अनुगमन तथा निरीक्षणको क्रममा धेरै प्रहरी एकाइका प्रहरीहरूले हातहतियार बचाउन सफल भएको देखिन्छ । केही प्रहरी एकाइबाट प्रहरीका हातहतियार लुटिएका र केही स्थानमा जलेर नष्ट भएको देखियो ।

भदौ २४ गते प्रहरीहरू प्राय:जसो फिल्डमा थिए । कार्यालयमा अशक्त, सुत्केरी महिला, केही सेन्ट्री र अपराध अनुसन्धानमा काम गर्ने सादा पोशाकका प्रहरी कर्मचारीहरू मात्र थिए । सो दिन हिंसात्मक आक्रमणको क्रममा केही प्रहरी कार्यालयमा आगजनी भई हिरासतमा रहेका थुनुवाहरूको ज्यान तत्काल खतरामा परेको अवस्थामा तिनको अभिलेख राखी खोजेको बखत उपस्थित हुने सर्तमा थुनुवा छोड्ने निर्देशन सीमित र विशेष अवस्थामा मात्र दिइएको थियो भन्ने तत्कालीन प्र.अ.म.नि. हाल प्रहरी महानिरीक्षक कार्कीको भनाइ रहेको छ । तर, यथार्थमा धेरै प्रहरी कर्मचारीहरूको मनोबल गिरी प्रहरी वृत्त, प्रभाग, बिट, चौकी छोडी गएको देखिन्छ । उपत्यकामा केही घण्टाभित्रै ठूलो सङ्ख्यामा आगजनी, तोडफोड, हतियार, गोलीगट्ठा, धन सम्पत्ति लुटपाट भयो । यसमा आदेश दिने तत्कालीन काठमाडौँ उपत्यका प्रहरी कार्यालय प्रमुख प्र.अ.म.नि. हाल प्रहरी महानिरीक्षकको रणनीतिक कमजोरी देखिन्छ ।

मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न तथा आपराधिक क्रियाकलाप निरुत्साहित गर्न प्रयोग गरिने प्रहरीका हातहतियारहरू भदौ २४ गते घटित घटनाको क्रममा लुटिन गई प्रहरीको नियन्त्रणबाट बाहिरिएको अवस्था रहेको थियो । हतियार लुटिनु र जलाइनु सामान्य कुरा होइन । हातहतियार लुटिसकेको अवस्थामा के कति कारणले लुटिए, किन बचाउन सकिएन, बचाउन नसक्ने अवस्थामा किन नष्ट गर्न सकिएन र यी सबै कार्यमा संलग्न मातहत प्रहरी कर्मचारी र तिनका निकट कमान्डरहरूको के भूमिका रह्यो भन्ने सम्बन्धमा आन्तरिक अनुसन्धान र विश्लेषण हुनुपर्नेमा तत्कालीन प्र.अ.म.नि. हाल प्रहरी महानिरीक्षक कार्कीबाट सो गरिएको देखिएन । प्रहरी एकाइ खाली गरी सुरक्षित स्थानमा जाने भनी तत्कालीन प्रहरी महानिरीक्षकले आदेश निर्देशन दिएको भए तापनि काठमाडौँ उपत्यका प्रहरी कार्यालय प्रमुखको हैसियतले सो आदेशको आंशिक कार्यान्वयन गरी त्यसको प्रभाव हेरेरमात्र उपत्यका प्रहरी कार्यालय रानीपोखरीका मातहत प्रहरी कार्यालयहरूमा आवश्यकताअनुसार कार्यान्वयन गर्न निर्देशन दिनुपर्नेमा सो गरेको देखिएन ।

भदौ २३ र २४ गतेको प्रदर्शनको विषम परिस्थितिमा कार्यालय छोडी भागेका, कर्तव्यच्युत भएका, गैरजिम्मेवार अधिकृतहरूलाई केही नहुने तर जिउज्यानका परवाह नगरी काम गर्ने राष्ट्रसेवक प्रहरी कर्मचारीहरूलाई न्चर्षी गर्दा सुरक्षाकर्मीहरूमा नकारात्मक प्रभाव पर्नेतर्फ सतर्क हुन जरुरी छ भन्ने प्रहरी महानिरीक्षक कार्कीको भनाइ रहेको छ । यसरी कर्तव्यच्युत हुने प्रहरी कर्मचारीहरूलाई प्रचलित नियम कानुनबमोजिम कारबाही गरेको पनि निज प्र.म.नि.ले उल्लेख गरेको देखिँदैन । यस्तो अवस्थामा हतियार, गोलीगट्ठा, असवाव छोडी जाने प्रहरी कर्मचारीहरूमाथि प्रहरी ऐन, २०१२ को दफा ३६ बमोजिम विशेष अदालत गठन गरी अनुसन्धान गर्नुपर्नेमा सो आवश्यक नरहेको भनी आयोगमा दिएको बयानमा उल्लेख गरेको देखिन्छ । यसरी हतियार, गोलीगट्ठा, असवाव छोडी जाने प्रहरी कर्मचारीहरूलाई कारबाही नगरिएबाट प्र.म.नि.कार्की अनुसन्धान गर्न उदासीन रहेको देखिन्छ ।

**। सम्पादकीय ।**

# देशको मुहार फेर्ने र जनताको जीवनस्तर उठाउने काम आवश्यक

जनताको माग सम्बोधन नगर्ने, जनविरोधी नीति निर्माण गर्ने र जनतालाई दमन गर्ने सरकार ढिलो चाँडो अन्त्य या पतन हुन्छ । देशको सम्पत्ति ध्वस्त पार्ने, तोडफोड र आगजनी गर्ने युवाहरूको प्रतिनिधित्व गर्ने सरकारले देशमा शान्ति र सुरक्षा गर्ला भन्ने विश्वास कसरी गर्ने ? भदौ २४ गते भएको तोडफोड र आगजनीको घटनाबाट देशका व्यापारी, व्यवसायी र उद्यमीहरू अहिले पनि त्रसित छन् । यसले गर्दा देशमा उद्योगधन्दाको विकास भइरहेको देखिँदैन । उद्यमी व्यवसायीहरू उद्योगधन्दामा लगानी गर्न मानिरहेका छैनन् । देश र जनताको लागि आवश्यक आधारभूत वस्तु उत्पादन गर्न करोडौँ अरबौँ लगानी गर्ने चाहना भएर पनि उनीहरू सुरक्षाको अनुभूति नभएका कारण लगानी गर्न अप्ठेरो महसुस गरिरहेका छन् । अहिले बैङ्क र सहकारी संस्थामा रकम सङ्कलन भएको छ । तर, व्यापार, व्यवसाय या उद्योगधन्दा खोल्न ऋण लिन आएको देखिँदैन । यसले गर्दा बैङ्क र सहकारी संस्थामा तरलता बढेको छ, त्यस अनुपातमा लगानी भएको देखिँदैन । लगानी कम भएको कारण सहकारी र बैङ्कको मात्र होइन देशकै अर्थतन्त्र शिथिल भएको छ, लगानी झण्डै ठप्प भएको छ ।

जेनजी आन्दोलनबाट गठन भएको भनिएको रास्वपाको नेतृत्वमा बनेको सरकारको समय छ महिना नाघ्यो । बैङ्क तथा वित्तीय संस्थामा ब्याजदर कम भए पनि पैसा थुप्रेको थुप्रै छ । तर निजी क्षेत्रले बैङ्क, वित्तीय संस्था तथा सहकारीबाट ऋण लिएर खासै व्यवसायमा लगानी गरेको देखिँदैन । यसको मूल कारण उनीहरूको लगानी डुब्ला भन्ने चिन्ता हो; सुरक्षाको सुनिश्चित नहुनु हो । लगानी गर्ने वातावरणको सुनिश्चितता नभएसम्म उनीहरू कुनै उद्योग, व्यापार-व्यवसायमा लगानी गर्न निर्धक्क हुने छैनन् । नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष सुरकृष्ण वैद्य बजारमा पैसाको प्रवाह रोकेर सर्वसाधारणको क्रयशक्ति र उपभोगमा प्रत्यक्ष असर परेको बताउँछन् । कारोबार घटेको कारण कर्जा लिन समस्या परेको उनीहरूको बुझाइ हो । यसको कारण मुलुकको अर्थतन्त्र चलायमान नभएको हो । बैङ्कमा पैसा थुप्रिए पनि, कर्जाको ब्याजदर घटे पनि उद्योगी व्यवसायीहरू नयाँ लगानी गर्न किन उत्साहित छैनन् ? उद्योग व्यवसायीहरू भन्छन्; अहिलेको मुख्य समस्या पैसाको अभावभन्दा लगानीको वातावरण नहुनु हो; नीतिगत विश्वास र सुरक्षाको अनुभूति नहुनु हो ।

बचत तथा ऋण सहकारी संस्थाको समस्या पनि त्यही हो । बचतकर्ताहरूले पैसा जम्मा गरेका छन् । तर, जम्मा भएको सो रकम प्रवाह भएको देखिँदैन या ऋण परिचालन भएको देखिँदैन । ऋण प्रवाह नहुनुको अर्थ लगानी नहुनु हो । ऋण लगानी गर्न उद्योग, व्यापारी, व्यवसायी कृषकहरू उत्साहित छैनन् । जम्मा भएको रकम चलायमान नभएपछि सहकारीको आम्दानी घट्छ; आम्दानी घटेपछि लाभांश पनि चाहेबमोजिम दिन सकिँदैन । जब सहकारीमा जम्मा भएको रकम उपयोग हुँदैन तब सहकारी संस्थाहरू चल्दैनन् । जनतामाझ पुगेका समुदायमा आधारित सहकारी संस्थालाई राज्यले उत्प्रेरित गर्नुपर्ने हो । सहकारी संस्थामा कर लिने सरकारले केही सेवा सुविधा पनि दिएको छैन । खराब नियतले चलाइएका संस्था सजायभागी गर्नुपर्नेमा उल्टो जनतामाझ भिजेर काम गरेको सहकारी संस्थामाथि नियमन र नियन्त्रणको नाउँमा अन्योल सृजना गरेको छ । यस अर्थमा सहकारीकर्मीहरू वर्तमान सरकारप्रति सकारात्मक छैनन् ।

देश र जनताप्रति जिम्मेवार तथा बहुमत जनताको सेवा गर्न चाहने सरकार देश र जनताको आवश्यकताअनुसार देशमा उद्योगधन्दा या कलकारखाना व्यापार व्यवसाय तथा सेवामूलक व्यवसाय खोलेर आधारभूत आवश्यकता परिपूर्ति गर्न अघि सरेको हुन्छ । त्यस्तो सरकारको नीति, कार्यक्रम तथा बजेट बहुमत जनताको सेवा गर्नेतर्फ केन्द्रित हुन्छ; सन्तुलित विकास गरेर जनतालाई काम मामको व्यवस्था गरिएको हुन्छ; देशमा भएको स्रोत र साधनलाई अधिकतम उपयोग गरी देशको मुहार फेर्ने र जनताको जीवनस्तर उठाउने काम गरिएको हुन्छ । खोलिएका उद्योगलाई निरन्तरता दिने, बन्द भएका उद्योगहरू सञ्चालन गर्नेतर्फ सरकार लाग्नुपर्छ । अनि मात्र देश समृद्ध हुन्छ र जनताको जीवन सुनिश्चित हुन्छ ।

**सन्दर्भ : विश्व शिक्षक दिवस - २०२६**

# शिक्षक समाज रूपान्तरका संवाहक

✍ सुवर्ण श्रेष्ठ

विश्व शिक्षक दिवस हरेक वर्ष अक्टोबर ५ मा मनाइन्छ । यसको सुरुआत सन् १९९४ देखि भएको हो । UNESCO ले सन् १९९४ देखि अक्टोबर ५ लाई विश्व शिक्षक दिवसको रूपमा मनाउन थालेको हो । सन् १९६६ अक्टोबर ५ मा UNESCO र अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) को विशेष अन्तरसरकारी सम्मेलनले शिक्षकको अवस्थासम्बन्धी ILO/UNESCO सिफारिस पारित गरेको थियो । उक्त सिफारिसमा शिक्षकहरूको अवस्था, अधिकार र जिम्मेवारीसम्बन्धी महत्त्वपूर्ण विषयहरू उल्लेख गरिएको थियो । शिक्षकका अधिकार र जिम्मेवारी, पारिश्रमिक तथा रोजगारीका अवस्था शिक्षक नियुक्ति र सेवाका सर्त, शिक्षकको तालिम तथा व्यावसायिक विकास, शिक्षण सिकाइका लागि आवश्यक वातावरण, शिक्षकको सामाजिक तथा व्यावसायिक प्रतिष्ठाजस्ता विषयमा अन्तर्राष्ट्रिय मापदण्ड र मार्गदर्शन उक्त सिफारिसले दिएको थियो । यस वर्ष सन् २०२६ मा १९६६ को शिक्षकसम्बन्धी सिफारिसको ६० औँ वार्षिकोत्सव हो । UNESCO को पहलमा विश्वभर मनाइने विश्व शिक्षक दिवस अन्तर्राष्ट्रिय दिवस हो । विश्वका धेरैजसो देशहरूमा विद्यालय, शिक्षक सङ्घ-सङ्गठन, सरकार र शैक्षिक संस्थाहरू अक्टोबर ५ मा विभिन्न कार्यक्रम गरेर विश्व शिक्षक दिवस मनाउँछन् ।

शिक्षकहरूको सम्मान गर्न, शिक्षकहरूले शिक्षा क्षेत्रमा गरेका योगदानलाई सम्झन वा स्मरण गर्न, शिक्षकहरूको अधिकार र पेसागत विकासबारे ध्यानाकर्षण गराउन, गुणस्तरीय शिक्षाका लागि योग्य र सक्षम शिक्षकको आवश्यकता बुझाउन, शिक्षक-विद्यार्थी-अभिभावक र समाजबिचको सम्बन्धलाई बलियो बनाउन, विश्वभर शिक्षाको विकासमा शिक्षकको भूमिकालाई उजागर गर्न विश्व शिक्षक दिवस मनाइन्छ ।

नेपालमा २००७ सालअघि विद्यालय सङ्ख्या अत्यन्त कम थियो । शिक्षकहरू सरकारबाट सोझै नियुक्त हुन्थे । स्वदेशी र विदेशी शिक्षकको तलबमान फरक थियो । प्रजातन्त्रको स्थापनापछि विद्यालय स्थापनाको लहर चल्यो । शिक्षकको सङ्ख्या बढ्दै गयो । २००७ सालको जनक्रान्तिलाई साथ र सहयोग दिने कलेज र स्कूलका करिब १५० जना शिक्षक २००७ साल फागुन १८ गते जुद्धोदय स्कूल क्षेत्रपाटीमा भेला भई शङ्करदेव पन्तको संयोजकत्वमा नेपाल शिक्षक सङ्घ गठन गरेको कुरा शिक्षक आन्दोलनको इतिहासमा उल्लेख गरिएको छ । वि.स. २०१३ सालमा माध्यमिक शिक्षक सङ्घको सम्मेलन काठमाडौँमा भयो । त्यसैगरी, वि.स. २०२० सालमा नेपाल माध्यमिक विद्यालय सङ्घको राष्ट्रिय सम्मेलन गरियो । वि.स. २०२३ सालमा प्राथमिक शिक्षक सङ्घ गठन भयो ।

वि.स. २०२८ सालमा शिक्षा ऐन जारी भयो । साथै देशमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (राशिपयो) पनि सुरु भयो । यसअघि विद्यालयहरू समुदायको सक्रिय उत्तरदायित्व र सहभागितामा सञ्चालन हुन्थे । राशिपयो आरम्भ भएपछि विद्यालय शिक्षामा राज्यको प्रत्यक्ष लगानी र सहभागिता पनि आरम्भ भयो । विद्यालयहरू सरकारको नियन्त्रणतर्फ उन्मुख भए । यसबेलासम्म शिक्षकहरूका लागि सेवा सुविधाको खासै प्रबन्ध थिएन । तलब तोकिएको थिएन । उपदान र निवृत्तिभरण, सञ्चयकोष, बीमा, औषधोपचार खर्च केहीको प्रबन्ध थिएन ।

वि.स. २०३५ सालको चैत २४ गते पाकिस्तानका सैनिक शासक जियाउल हकले पूर्वप्रधानमन्त्री जुल्फीकर अलि भुट्टोलाई फासी दिए । त्यसको विरोधमा पाकिस्तानी दूतावासतर्फ बढेको विद्यार्थीको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी बल प्रयोग गर्‍यो । यस घटनामा थुप्रै विद्यार्थी घाइते भए । घटनापछि विद्यार्थीहरू कडा आन्दोलनमा उत्रिए । विद्यार्थी आन्दोलनले व्यापकता लियो । यसले हिंसात्मक रूप लिन थाल्यो । पञ्चायती व्यवस्थामाथि राजनीतिक दबाब बढ्यो । यसले तत्कालीन राजा वीरेन्द्रलाई २०३६ जेठ १० गते जनमतसङ्ग्रहको घोषणा गर्न बाध्य पार्‍यो । सुधारिएको पञ्चायती व्यवस्था वा बहुदलीय शासन व्यवस्था छनोट गर्ने अधिकार जनतालाई प्राप्त भयो । जनता आ-आफ्नो इच्छाअनुसार राजनीतिक क्रियाकलापमा सक्रिय भए । विद्यार्थी आन्दोलनमा शिक्षकहरूको समेत सक्रियता बढ्दै गयो । २०३६ साल जेठ २ गते हेटौँडाको भुटनदेवी मा.वि.मा शिक्षकहरूको भेला भयो । भेलाले एउटा राष्ट्रिय सङ्गठन बनाउनुपर्ने, शिक्षकलाई पेन्सनको सुविधा दिनुपर्ने, सञ्चयकोषको व्यवस्था हुनुपर्ने, बढुवाको व्यवस्था हुनुपर्ने, सरकारी कर्मचारीको भन्दा १ रूपैयाँ भए पनि शिक्षकको बढी तलब हुनुपर्ने गरी पाँचबुँदे माग पत्र तयार गरी राजा, प्रधानमन्त्री, शिक्षामन्त्री, मध्यमाञ्चल शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालय मकवानपुरसमक्ष हुलाकमार्फत पठायो । २०३६ साल जेठ ४ गते भुटनदेवी माविबाट ९९ जना शिक्षकले विरोध जुलुस निकाले । २०३६ असार १३ गते काठमाडौँको सुन्धाराबाट जुलुस निकाली विरोध सभा गरे र १५ बुँदे मागपत्र तयार गरे । २०३६ साल भदौ २३ गते ललितपुरमा अन्तरजिल्ला शिक्षक समन्वय समिति बन्यो । २०३६ साल असोज ८ गते हेटौँडामा २९ जिल्लाका शिक्षक प्रतिनिधिहरूको भेलाले नेपाल राष्ट्रिय शिक्षक सङ्गठन गठन गर्‍यो । त्यस समितिमा बद्रीप्रसाद खतिवडा, श्यामकृष्ण खमु, वामदेव गौतम, गणेश पण्डितलगायतका शिक्षक नेताहरू थिए । २०३६ साल मङ्सिर २६-२८ गते हेटौँडामा ५४ जिल्लाका शिक्षक प्रतिनिधिहरूको राष्ट्रिय भेलाले नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको केन्द्रीय तदर्थ समिति गठन गर्‍यो । उक्त समितिले २०३६ साल फागुन २२ गते नेराशि सङ्गठनको विधान स्वीकृत गर्‍यो । २०३६ चैत १२ गते शैक्षिक आन्दोलन आरम्भ गर्‍यो । २०३६ चैत २९ गते शिक्षा मन्त्रालयको तर्फबाट नेराशि सङ्गठनको विधान स्वीकृति गर्ने निर्णय गर्‍यो र नेराशि सङ्गठन र श्री ५ को सरकारबिच ६ बुँदे सहमति भयो । सहमतिअनुसार शिक्षकहरूको सञ्चयकोषको व्यवस्था, एक शैक्षिक सत्र काम गरिसकेका अस्थायी शिक्षकलाई औपचारिकता पुर्‍याई स्थायी गर्ने, प्राथमिक विद्यालयमा पियनको व्यवस्थाबारे, उपदानको व्यवस्थालगायत उल्लेख थियो । यस दिनलाई नेराशि सङ्गठनले शिक्षक दिवसको रूपमा मनाउने गरेको हो । त्यसैले, शिक्षकहरूले उपलब्धि पाएको दिनलाई अर्थात् चैत २९ लाई नेपालको परिवेशमा शिक्षक दिवस मनाउन उपयुक्त हुन्छ ।

अहिले नेपालमा नेपाल शिक्षक महासङ्घ, नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, नेपाल संस्थागत तथा निजी शिक्षालय अध्यापक सङ्घ, नेपाल सामुदायिक विद्यालय कर्मचारी सङ्घ, विद्यालय कर्मचारी सङ्गठन नेपाल, नेपाल विद्यालय कर्मचारी युनियन र अखिल नेपाल विद्यालय कर्मचारी सङ्गठन क्रियाशील रहेका छन् । नेपाल शिक्षक महासङ्घ नेराशिसङ्गठन, नेशिसङ्घलगायत १६ वटा संस्थाहरूको छाता सङ्गठन हो ।

२०४८ सालपछि नेराशिसङ्गठनको नेतृत्वको झुकाव नेकपा एमालेतिर रहेपछि फरक आस्था भएका शिक्षकहरू नयाँ संस्थामा सङ्गठित हुँदै जाने क्रममा २०५० सालदेखि प्रगतिशील विचारका शिक्षकहरू भूमिगत रूपमा नेपाल क्रान्तिकारी शिक्षक सङ्गठनमा सङ्गठित भएका थिए । वि.स. २०५२ पुस ५ गते भक्तपुरमा भएको शिक्षक भेलाले नेक्रशिसङ्घको विधान २०५२ पारित गर्‍यो । यस सङ्घलाई जिल्ला प्रशासन कार्यालय भक्तपुरले चैत २२ गते राष्ट्रिय निर्देशन ऐन २०१८ को दफा ३ अनुसार दर्ता गरी वैधानिक मान्यता दियो । त्यसैगरी, नेपाल शिक्षक युनियन वि.सं. २०६० साल माघ २ गते जिल्ला प्रशासन कार्यालय काठमाडौँमा राष्ट्रिय निर्देशन ऐन २०१८ अनुसार नै दर्ता भयो र वैधानिक मान्यता प्राप्त गर्‍यो । नेपाल शिक्षक महासङ्घ नेपाल शिक्षक युनियनको निरन्तरता हो । अर्थात्, नेशियुबाट नै नेपाल शिक्षक महासङ्घ गठन भएको हो । यसरी नेपालमा प्रजातन्त्रको पुन:स्थापनापछि शिक्षकहरूका पेसागत सङ्गठन कहिले जुट्ने र कहिले फुट्ने क्रम जारी रहेको छ । तापनि चैत २९ गतेलाई नेपाली शिक्षकहरूको दिवसकै रूपमा मनाउनु सबै शिक्षकहरूको लागि राम्रो र उपयुक्त मानिन्छ ।

शिक्षकले विद्यार्थीलाई किताबको ज्ञान मात्र दिँदैनन् । उनीहरू अनुशासन, नैतिकता, जिम्मेवारी, सकारात्मक सोच, नेतृत्व क्षमता र जीवनका व्यवहारिक सीपहरू सिकाउन महत्त्वपूर्ण भूमिका खेल्छन् । एक असल शिक्षकले विद्यार्थीको प्रतिभा पहिचान गरेर उनीहरूलाई आफ्नो लक्ष्यतर्फ अघि बढ्न प्रेरणा दिन्छन् । शिक्षकलाई समाज निर्माणको महत्त्वपूर्ण आधार मानिन्छ ।

नेपाली शिक्षकहरूले आफ्नो पेसागत हकहित, सेवा सुविधा, स्थायित्व, वृत्ति विकास र शिक्षासम्बन्धी उचित कानुनी व्यवस्थाका लागि विभिन्न समयमा आन्दोलन गर्दै आएका छन् ।

सङ्गठित शिक्षक आन्दोलनको सुरुआत २०३६ सालदेखि भएको देखिन्छ । २०३८ सालमा १०४ दिनको शैक्षिक हडताल, २०४१ सालमा करिब ६ महिनाको असहयोग आन्दोलन, २०४६ सालमा प्रजातन्त्रको आन्दोलनसँग जोडिएको शिक्षक आन्दोलन, २०५५ सालको शिक्षक आन्दोलन, २०६० सालको शिक्षक आन्दोलन, २०६२/०६३ मा लोकतान्त्रिक आन्दोलनमा शिक्षकहरूको सहभागितालगायत वि.स. २०७३, २०७६ र २०८१/०८२ मा पेसागत मागहरू राखी शिक्षकहरू आन्दोलित भएका छन् । शिक्षकहरूको आन्दोलनमा राजनीतिक दलहरूको प्रत्यक्ष र अप्रत्यक्ष सहयोग र साथ रहँदै आएको पाइन्छ भने राजनैतिक पार्टीहरूको आन्दोलनमा शिक्षकहरूको पनि सहभागिता रहँदै आएको पाइन्छ ।

शिक्षकहरूले विद्यार्थी आन्दोलनलाई र विद्यार्थीहरूले पनि शिक्षक आन्दोलनलाई साथ र सहयोग गर्दै आएको पाइन्छ । यस अर्थमा शिक्षक आन्दोलनलाई व्यापक राजनीतिक र सामाजिक आन्दोलनको वातावरणबाट अलग गरेर हेर्न गाह्रो हुन्छ तथा शिक्षक आन्दोलन र विद्यार्थी आन्दोलनलाई पनि जोडेर हेर्नुपर्छ ।

शिक्षक समाज परिवर्तनका प्रमुख संवाहक र मार्गदर्शक हुन् । शिक्षकले विद्यालयमा मात्र ज्ञान दिने होइन, विद्यार्थी, परिवार र समुदायमार्फत समग्र समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्छन् । समाजमा रहेको अन्धविश्वास, कुरीति, विभेद र अशिक्षाविरुद्ध वैज्ञानिक सोच र चेतना विकास गरी शिक्षकले शिक्षा र चेतना फैलाउनुपर्दछ । शिक्षक आफूलाई नमुना बनाई विद्यार्थीहरूमा असल संस्कार र नैतिकता विकास गर्न लागिपर्नुपर्दछ । विद्यार्थीहरूमा इमानदारी, अनुशासन, जिम्मेवारी, सहिष्णुता, सहयोग र मानवताको भावना विकास गर्न सक्रिय हुनुपर्छ । जात, वर्ग, लिङ्ग, भाषा, धर्म वा आर्थिक अवस्था, भौगोलिक क्षेत्र आदिका आधारमा हुने भेदभाव हटाउन क्रियाशील हुनुपर्दछ । शिक्षकहरू सामाजिक अभियन्ता हुन् । समानता र सामाजिक न्यायको पक्षमा शिक्षकहरू लागेका हुन्छन् । शिक्षकहरू लोकतान्त्रिक संस्कार विकास गर्ने अग्रजहरू पनि हुन् । नागरिकहरूको अधिकार, कर्तव्य, जिम्मेवारीको भावना जागृत गर्दै विचारको सम्मान, संवाद र सहकार्य गर्ने पेसाकर्मी हुन् । तथ्यको आधारमा सोच्ने, प्रश्न गर्ने, गलत सूचना छुट्याउने र समस्याको तार्किक समाधान खोज्ने वैज्ञानिक र आलोचनात्मक सोच भएका शिक्षित व्यक्तित्वहरू हुन् । यसर्थ, विद्यार्थीहरूलाई वैज्ञानिक, आलोचनात्मक सोच विकास गर्न शिक्षकहरूले निरन्तर प्रयत्न गर्छन् र गर्नुपर्दछ ।

शिक्षकहरू समुदायसँग सहकार्य गर्ने सामाजिक कार्यकर्ता पनि हुन् । शिक्षकले विद्यालयलाई समुदायसँग जोडेर सरसफाइ, स्वास्थ्य, वातावरण संरक्षण, साक्षरता तथा सामाजिक अभियानमा नेतृत्व गर्दै आएका छन् । ज्ञान, सीप, चरित्र र सामाजिक जिम्मेवारी भएका नागरिक उत्पादन गरेर देशलाई दीर्घकालीन रूपमा विकास गर्ने दायित्व शिक्षकहरूको हो । शिक्षकले बोली, व्यवहार, निष्पक्षता, सामाजिक जिम्मेवारी, कर्तव्यनिष्ठताजस्ता मानवीय गुणहरू आफ्नै व्यवहारबाट उदाहरणको रूपमा प्रस्तुत गर्छन् । यसलाई विद्यार्थी र समुदायका नागरिकहरूले अनुसरण गर्छन् ।

शिक्षकमा विद्यार्थीमैत्री व्यवहार हुनुपर्दछ । विद्याथीलाई डर वा दबाबमा होइन, माया, सम्मान र प्रोत्साहनका साथ सिकाउनुपर्छ । वैज्ञानिक सोच राखी निष्पक्ष व्यवहार गर्नुपर्छ । नयाँ ज्ञान, प्रविधि, शिक्षण विधि र समयानुकूल सीपहरू सिकिरहनुपर्दछ । समय पालन, कर्तव्यनिष्ठ, पारदर्शिता र इमानदारीलाई व्यवहारमा उतार्नुपर्दछ । व्यक्तिगत स्वार्थभन्दा विद्यालय र शिक्षक समुदायको सामूहिक हितलाई महत्त्व दिई सहकर्मीसँग सहकार्य गर्नुपर्दछ ।

शिक्षकले शिक्षा र समाजमा रहेका असमानता, अन्याय, शोषण, कुरीति, पछौटेपन आदिलाई हटाई वैज्ञानिक, समानतामूलक र न्यायपूर्ण समाज निर्माणमा महत्त्वपूर्ण योगदान गर्नुपर्दछ । शिक्षालाई देश र समाजसँग जोड्नुपर्छ । विद्यार्थी र समाजमा श्रम र उत्पादनको सम्मान गर्ने संस्कार आवश्यक पर्दछ । विदेशी हस्तक्षेप र थिचोमिचोको विरोधमा लाग्नुपर्दछ । यसको लागि शिक्षकहरूले विद्यार्थी र समुदायमा निरन्तर काम गर्नुपर्दछ । शिक्षकको दायित्व विद्यमान व्यवस्थाको विरोध गर्नु मात्र होइन, ज्ञान, चेतना, समानता, न्याय र मानवीय मूल्यका आधारमा सकारात्मक सामाजिक रूपान्तरणको बाटो देखाउनु हो ।

**सन्दर्भ सामग्री :**

- शिक्षक आन्दोलनको इतिहास लक्ष्मीकिशोर सुवेदी
- नेक्राशि सङ्घ र नेशियूको विधान

# मार्क्सवाद, साहित्य र वास्तविकता - २

✍ राल्फ फक्स





**सत्य र वास्तविकता**

'म त्यस्तो मान्छे हुँ, जसका लागि प्रत्यक्ष जगत्‌को अस्तित्व छ'; कलाकारका रूपमा आफ्नो सारतत्त्व उल्लेख गर्दा फ्रान्सेली कवि, उपन्यासकार र साहित्यालोचक थियोफिल गोतिए (१८११-१८७२) ले गन्कोर्ट बन्धुहरूसँग भनेका थिए । यसको सट्टा उनले 'मेरा लागि जगत्‌को अस्तित्व छ' भनेका भए लेखकका रूपमा आफ्ना निजी गुण तथा सीमाहरूलाई उनले यति राम्ररी कदापि प्रकट गर्न सक्तैनथे । तर, यसबाट लेखक र वास्तविकताका बिच रहेको सम्बन्धलाई परीक्षण गर्ने, सत्यप्रतिको लेखकको प्रवृत्तिलाई जाँच्ने एउटा अति राम्रो मौका हामीले अवश्य पाउने थियौँ ।

आधुनिक समाजमा श्रमको उत्तरोत्तर बढ्दो विभाजन तथा त्यसको खास क्षेत्र विशेषमा अधिकाधिक विशेषज्ञता प्राप्त गर्ने प्रवृत्तिले लेखकको आवाजको घाँटी निमोठिदिए जस्तो, लेखकलाई वास्तविक संसारको समग्र रूपमा नदेख्ने गरी अन्धो बनाइदिएको जस्तो लाग्दछ । 'लेख्नु मेरो पेसा हो', यो यसको सङ्कीर्णतम अभिव्यक्ति हो; यस पेसामा अन्य पेसाको कुनै जानकारी राख्नु आवश्यक नै छैन । मि. बाल्डविन दार्शनिक र मनोवैज्ञानिक कोश (दुई भाग) का लेखक हामीलाई के विश्वास गराउन चाहन्छन् भने कविता एउटा निर्दोष पेसा हो, तर त्यतिखेरसम्म मात्र, जतिखेरसम्म कवि उसको कृतिको 'निर्दोष' स्वरूपमाथि प्रभाव पार्न सक्ने जीवनको समग्र भागबाट आँखा चिम्लन्छ । कलाकारको दायित्वको यो सङ्कीर्ण दृष्टिकोण अति आधुनिक छ । उन्नाइसौँ शताब्दीका मध्यकालभन्दा अघिसम्म विश्वका अधिकांश लेखक यसलाई कति पनि मान्यता प्रदान गर्दैनथे । मार्लोदेखि फिल्डिङसम्म अङ्ग्रेजी साहित्यका वीरतापूर्ण कलामा यो सर्वथा अज्ञात थियो ।

आज साहित्यको क्रान्तिकारी कार्य उसले आफ्नो महान् परम्परालाई पुनर्स्थापित गर्नु, मनोगतवाद र सङ्कीर्ण विशेषज्ञता हासिल गर्ने प्रवृत्तिका साङलाहरूलाई चुँडाएर फ्याँक्नु, रचनात्मक कलाकारको एक मात्र महत्त्वपूर्ण कार्यसित-सत्यको, वास्तविकताको, ज्ञान आर्जित गर्ने कार्यसित - साक्षात्कार गराउनु हो । कला एक साधन हो, यसद्वारा मानवले वास्तविकतासित सङ्घर्ष गर्दछ र त्यसलाई आत्मसात गर्दछ । आफ्नो भित्री चेतनाको तहमा लेखकले वास्तविकताको भरभराउँदो धातुलाई राख्तछ, हथौडाको प्रहारले ठोकठाक पारेर आफ्नो उद्देश्यअनुकूल त्यसलाई नयाँ रूपमा ढाल्दछ र अरू केही कुरामा ध्यान नदिई नाओमी मिचिसन (अङ्ग्रेज लेखिका) का शब्दमा - विचारहरूको हिंस्र हथौडा त्यसमाथि निरन्तर प्रहार गर्दछ । सृजनको समग्र प्रक्रिया, कलाकारको सम्पूर्ण वेदना, वास्तविकतासितको यही हिंस्र द्वन्द्वमा र संसारको एउटा सत्यपूर्ण चित्र निर्माण गर्ने यही प्रयासमा निहित छ ।

*ज्ञानले अपार पुऱ्याउने थियो देवताहरूको समकक्ष मलाई*
*ठुलठुला नाम, कार्य, पुराना कथाहरू, भयङ्कर घटनाहरू र विद्रोह*
*राजामहाराजा, कोकिल कण्ठ र चित्कारहरू*
*सृजन र विनाश, सब एकसाथ-*
*भरिने थिए मेरो मस्तिष्कका व्यापक शून्य कोठाहरूमा*
*जाग्ने थियो अनि देवत्व, मानो कुनै छलछलाउँदो मदिरा*
*अथवा पिएर उज्यालो अनुपम सञ्जीवनी सुरा*
*बन्ने थिएँ अमर म ।*

कीट्स - उनलाई त्यतिखेरका प्रतिक्रियावादी आलोचकहरूले आफ्नो घृणाको सिकार बनाए र शान्तिसित बस्न दिएनन्; बाइरन र प्रत्यक्षत: बढी क्रान्तिकारी शेलीमाथि पनि उनीहरूको घृणाको कुत्सित बाढी त्यति भङ्करतासित फुटेको थिएन - ले पूरा गर्न नपाएको आफ्नो सबैभन्दा महान् कवितामा, प्रत्येक महान् रचनात्मक कलाकारको क्रान्तिकारी सङ्घर्षको मूल तत्त्वलाई प्रस्तुत गर्ने प्रयास गरेका छन् । किनभने, वास्तवमै जो महान् लेखक छ, उसको राजनीतिक विचार जे-जस्तो भए तापनि ऊ वास्तविकतासित भयानक तथा क्रान्तिकारी युद्धमा नजुधी टिक्नै सक्तैन । हो, क्रान्तिकारी युद्धमा, किनभने ऊ वास्तविकतालाई परिवर्तन गर्न चाहन्छ । उसका लागि जीवन एक युद्धक्षेत्रजस्तै हो, जहाँ सधैँ नै स्वर्ग र नरकका बिच, सिंहासनच्युत र सिंहासनारूढ देवताहरूका बिच, मानवको आत्माका लागि सङ्घर्ष चलिरहन्छ ।

के मार्क्सवादले युद्धका लागि यस लेखकलाई सुसज्जित गर्न सक्तछ ? भर्खरै मात्र टाइम्स समाचारपत्रको साहित्यिक सप्लिमेन्टमा प्रकाशित एउटा अग्रलेखमा यस प्रश्नको उत्तर दिने प्रयत्न भएको थियो । अमेरिकाको क्रान्तिकारी साहित्यको उल्लेख गर्दै टाइम्सका आलोचकले के प्रश्न उठाएका थिए भने "के यो नयाँ साहित्य मानव अनुभवको समग्र विस्तारलाई आत्मसात् गर्ने र त्यसलाई समाल्ने क्षमता राख्तछ ? निश्चय नै त्यतिखेरसम्म कहिल्यै पनि त्यस्तो हुनेछैन जहिलेसम्म जडसूत्रवादीहरूको पीठो बिक्ने गर्दछ । मूल कलाको लक्ष्य र कुनै न कुनै मात्रामा अन्ततः सबै कलाको लक्ष्य सबै रूप र मतहरूलाई हृदयङ्गम गर्न सक्ने समझ उत्पन्न गर्नु हो । फलत: यसको प्रकृति नै उदारभन्दा उदार समाजदर्शनका सीमाहरूमा समेत बाँधिएर रहन नसक्ने खालको छ, जसले व्यवहारमा आमरूपमा धेरै कट्टरताको परिचय दिने गर्दछ, त्योभन्दा मार्क्सवाद त अझ धेरै टाढाको कुरो हो । कला र जडसूत्रतामा आकासपातालको फरक छ .. त्यसो त एक कलाकार मार्क्सवादी हुँदाहुँदै पनि एक इमानदार कलाकार बन्न नसक्ने कुनै कारण छैन । तर, यस्तो त्यतिखेर मात्र हुन सक्तछ जतिखेर उसको मार्क्सवादको रूप उसको गहनतम ज्ञानसित बाझ्न नपाओस् । हरेक मानिसले आफ्नो अज्ञानताका कारणले गर्दा व्यर्थमा नै दु:ख झेल्नुपर्दछ, आँखा हुँदाहुँदै पनि उसले अन्धो बन्नुपर्दछ । बढीभन्दा बढी उसले नयाँ दृष्टि प्राप्त गर्नका लागि निरन्तर सङ्घर्ष गरिरहन सक्तछ । यसका लागि कुनै एक रूप-खालि मानसिक ढाँचाको नै किन नहोस् - हुनु अनिवार्य छ र तटस्थ दृष्टिबाट हेर्दा यो गौण भूमिकामा जहिलेसम्म यसलाई गौण बनाइन्छ- मार्क्सवादले उसका अन्य सहयात्री विचारधाराहरूले गरेजत्तिकै सन्तोषप्रद काम गर्न नसक्ने कुनै कारण छैन ।"

मार्क्सवादप्रति टाइम्सका यी आलोचकको प्रवृत्ति सहानुभूतिपूर्ण त छ तर उनी मार्क्सवादको वास्तविक महत्त्वलाई पक्रन असक्षम देखिन्छन् । मार्क्सवाद यदि लेखकको कुनै एक 'धर्म' हुनै पर्दछ भने- ब्रह्मवाद वा फ्रायडवाद अथवा अन्य कुनै वादजत्तिकै उपयुक्त छ कि छैन भन्ने प्रश्न होइन । यी आलोचकका अनुसार रूप एउटा मानसिक यन्त्र हो र मार्क्सवादले यस गौण भूमिकालाई राम्ररी नै निर्वाह गर्दछ । उनको यो तर्कले मलाई आफ्नो पाठशालाका हेडमास्टरको स्मरण गराउँछ । उनी प्रत्येक वार्षिकोत्सवमा क्लासिक्सको अध्ययनलाई 'मानसिक व्यायाम' का लागि त्यो अनुपम छ भनेर उचित ठहऱ्याउँथे (हाम्रा व्यापारिक समुदायमा यसको पनि औचित्य सिद्ध गर्नु आवश्यक छ) । जसरी हामीलाई क्लासिक्सको अध्ययन गराइन्थ्यो त्यो रूपमा साँच्चै नै त्यो मानसिक व्यायाम नै थियो, त्यो अनुपम थियो कि थिएन अर्कै कुरो हो । तर, एरासमस (१४६६-१५३६ : पुनर्जागरणकालका महान् मानवतावादी) क्लासिक्स-शिक्षाको उपयोगिताको यस धारणालाई मन पराउँथे भन्ने कुरामा सन्देह नै छ ।

जे होस्, सार कुरो के हो भने एरासमस क्लासिक्सको ज्ञान जीवनको सत्यका लागि रचनात्मक कलाकारको सङ्घर्षको एउटा आवश्यक अस्त्र मानिने युगमा हुर्केका थिए । मध्यकालीन रूढान्धता र पुरानोपनमाथि विजय प्राप्त गर्न ग्रीस र रोमका काव्य तथा चिन्तनको आवश्यकता थियो । मानसिक व्यायामको होइन, मानिसको आत्मामाथि नियन्त्रण पाउने सवाल त्यतिखेर अघि थियो । यो कुरो हाम्रो समयमा मार्क्सवादका लागि पनि सत्य हो । मार्क्सवाद हाम्रो युगमा मानव प्रगतिको दर्शन तथा एक मात्र त्यस्तो विश्व दृष्टिकोण हो, जुन हाम्रो आधुनिक युगमा मानव आत्मालाई गाँज्ने गएगुज्रेका रूढिहरू र अति प्राचीनताका विरुद्ध हामीलाई सफलतापूर्वक सङ्घर्ष गर्ने क्षमता प्रदान गर्दछ । प्रत्येक लेखकको मुख्य काम मूल सत्यको खोजी हो र त्योसम्म मार्क्सवादबिना पुग्नै सकिन्न ।

यहाँ प्रश्न कलाकारका लागि मानसिक यन्त्रको गौण भूमिकालाई पूरा गर्न विभिन्न प्रकारका आकर्षक दर्शनहरूबाट कुनै एउटालाई चुन्ने सवाल छैन । एरासमसको संसारलाई एउटा ऐतिहासिक सङ्घर्षले जसरी खण्डित गरेको थियो, ठीक त्यसरी नै हाम्रो विश्वलाई एक ऐतिहासिक सङ्घर्षले विदीर्ण बनाएको छ र हाम्रो आजको यस सङ्घर्षमा मार्क्सवाद - त्यस वर्गको दृष्टिकोण जसलाई पुरातन खण्डहरहरूमाथि एउटा नयाँ संसार बसाउनका लागि इतिहासले युद्ध क्षेत्रमा उभ्याएको छ - ले त्यही भूमिका निर्वाह गर्दछ जुन सामन्तवादको स्थान लिने संसारको निर्माणमा मानवतावादले निर्वाह गरेको थियो ।

टाइम्सका आलोचकको के भनाइ छ भने रूप, मानसिक यन्त्रको भूमिकामा अनिवार्यतया आवश्यक छ । तर, मार्क्सवाद के कुरामा जोड दिन्छ भने रूप र सार एकअर्काबाट पृथक र निष्क्रिय एकाइ होइनन् । सारले रूपलाई जन्म दिन्छ, त्यो रूपसित सम्बद्ध र अविच्छिन्न छ । यद्यपि सारलाई प्राथमिकता प्राप्त छ तापनि रूपले विषयवस्तुमाथि आफ्नो प्रभाव पार्दछ र कहिल्यै निष्क्रिय हुँदैन । मार्क्सवाद आधुनिक लेखकका लागि कुनै देखावटी पोसाक मात्र होइन, यो उसको जीवनदर्शन हो; वास्तविकतालाई परीक्षण गर्ने लेखकको कसी हो; यसको मद्दतले लेखकले ठीक त्यही 'गहनतम ज्ञान' लाई अधीन बनाउँछ र आकार प्रदान गर्दछ, जसले अभिव्यक्ति पाउनुपर्ने हुन्छ । निस्सन्देह, मार्क्सवाद नै लेखकको वस्तुजगत्‌लाई हेर्ने र बुझ्ने तरिका हुनुपर्दछ ।

के भनिरहनु आवश्यक छैन भने 'मूल कलाको लक्ष्य.. एउटा त्यस्तो समझ हासिल गर्नु हो जसले सबै रूप र मतलाई हृदयङ्गम गर्न सकोस्' भन्ने कुरो साँचो हो । तर, समझ प्राप्त गर्ने तरिका आँखा चिम्लेर वर्तमान रूप र मतहरूका बिचबाट केही वा सबैलाई अँगालो हाल्नु होइन, न त कुनै पनि प्रकारको साहित्यिक वा दार्शनिक सङ्कलनबाट नै त्यसलाई हासिल गर्न सकिन्छ ।

वास्तविकतालाई बुझ्नका लागि, जान्नका लागि ज्ञानको एउटा त्यस्तो सिद्धान्तको आवश्यकता पर्दछ, जुन सत्यको अनुरूप होस् । तर, सत्य कुनै हवाई वा गतिहीन वस्तु होइन; उपरि किसिमको तर्कसङ्गत प्रक्रियाद्वारा एउटा पन्थविशेषले दावा गरेजस्तो दैववाणी वा सहज चेतनाबाट प्राप्त गर्न सकिँदैन ।

सत्यसम्म क्रियाशीलताबाट मात्र पुग्न सकिन्छ, कारण सत्य कुनै वस्तुबारेको मानवको गहिरो खोजबिनको अभिव्यक्ति हो । यो अनुसन्धान मुख्यत: एउटा मानवीय क्रिया हो, विशेष रूपले एक सामाजिक र उत्पादक क्रिया हो ।

पक्का पनि, कलाकारको चासो केवल सत्यसित हुनुपर्दछ । लेनिनले लेखेका थिए, "सत्य कुनै वास्तविक घटनाका सबै पक्षहरूको समग्रताबाट र तिनको पारस्परिक सम्बन्धबाट निर्माण हुन्छ ।" यसअघि उनले भनेको यो कुरो सबै कलाकारका लागि अति महत्त्वपूर्ण छ :

"ज्ञान विचारद्वारा वस्तुलाई जान्ने एउटा चिरन्तन र अन्तहीन क्रिया हो । मानवको चिन्तनमा प्रकृतिको अभिव्यक्तिलाई कुनै 'ज्यानहीन', 'हवाई' ढङ्गले-विनागतिको, बिनाअन्तर्विरोधको - बुझ्नु हुँदैन । बरु यसलाई गतिको एक चिरन्तन प्रक्रियाको रूपमा अन्तर्विरोधहरू अघि आउने र तिनको समाधान हुने प्रक्रियाका रूपमा हेर्नुपर्दछ ।"

जुन कलाले यस्तो दर्शनलाई अँगाल्दछ त्यो साँचो अर्थमा सबै रूप र मतहरूलाई हृदयङ्गम गर्ने समझलाई प्राप्त गर्ने स्थितिमा हुन्छ । यो वास्तवमा एक मानवीय कला हो, यही कारणले मार्क्सवादी लेखकहरू के दाबी गर्दछन् भने केवल समाजवादी कलामा, एक नयाँ यथार्थवादमा नै आज वस्तुगत सत्यलाई पूर्ण रूपमा हेर्ने क्षमता हुन्छ । यो क्षमताबिना रचनात्मक कलाकर्मीले वास्तविकतासित आफ्नो जुधारु सङ्घर्षमा विजय प्राप्त गर्न सक्तैन ।

**टिप्पणीहरू**

१. मार्क्स-एङ्गेल्स, सङ्गृहीत रचनावली, खण्ड १२, पृ. ६-७
२. मार्क्स-एङ्गेल्स, सङ्गृहीत पत्र, १९५३, पृ. ४२३-२४
३. मार्क्स-एङ्गेल्स, पूर्ववत्
४. कीट्स- हाइपीरियन, भाग ३
५. लेनिन-दार्शनिक नोटबुक
६. पूर्ववत्

- 'उपन्यास और लोकजीवन' बाट

(स्पेनिस गृहयुद्धमा प्राणाहुति दिने साहित्यकारमध्येका एक राल्फ फक्स (१९००-१९३६) ब्रिटिस उपन्यासकार, जीवनी लेखक, सामाजिक इतिहासकार, पत्रकार, अनुवादक र राजनीतिकर्मी थिए ।)

***समाप्त***

***साभार : मार्क्सवादी साहित्य चिन्तन***

# क्षेप्यास्त्र प्रविधिमा एआईको प्रयोग प्रजग कोरियाद्वारा परीक्षण



प्योङयाङ, १८ असोज (केसिएनए)। प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरिया राज्यमामिला आयोगका अध्यक्ष मार्शल किम जोङ उनले आफ्नी छोरी किम जु एसँगै शनिबार गरिएको क्षेप्यास्त्र परीक्षणको निरीक्षण गर्नुभएको छ।

सरकारी सञ्चारमाध्यमका अनुसार परीक्षण गरिएको क्षेप्यास्त्रमा कृत्रिम बौद्धिकता (एआई) को प्रयोग गरिएको थियो। उक्त प्रविधिले क्षेप्यास्त्रलाई कम उचाइमा उडिरहेका बेला आफ्नो उडान मार्ग परिवर्तन गर्न सहयोग गर्ने दाबी गरिएको छ।

दक्षिण कोरियाली सेनाका अनुसार पूर्वी तटीय सहर वोन्सानजिकको क्षेत्रबाट शनिबार बिहान प्रक्षेपण गरिएको क्षेप्यास्त्रले ७ सय किलोमिटरभन्दा बढी दूरी तय गरेको थियो। सेनाले परीक्षणसम्बन्धी थप विवरण भने सार्वजनिक गरेको छैन।

परीक्षणको निरीक्षणपछि किमले रणनीतिक क्षेप्यास्त्र सञ्चालन गर्ने सैनिकहरूले आफ्नो क्षमता र प्रतिकारात्मक तयारी प्रदर्शन गरेको बताउनुभएको सरकारी सञ्चारमाध्यमले जनाएको छ।

उहाँले देशको रणनीतिक सैन्य क्षमताको विश्वसनीयता कायम राख्न निरन्तर प्रयास गर्नुपर्नेमा जोड दिनुभएको बताइएको छ।

प्रजग कोरियाले उक्त परीक्षण सैनिकहरूलाई अतिध्वनिक (सुपरसोनिक) रणनीतिक हतियार प्रणाली सञ्चालनसम्बन्धी प्रशिक्षण प्रदान गर्ने उद्देश्यले गरिएको जनाएको छ।

किमकी छोरी जु ए सन् २०२२ मा पहिलो पटक सार्वजनिक कार्यक्रममा देखिनुभएको थियो। दक्षिण कोरियाली गुप्तचर निकायले पछिल्ला वर्षमा उहाँको सार्वजनिक तथा सैन्य कार्यक्रममा बढ्दो उपस्थितिका आधारमा सम्भावित उत्तराधिकारीका रूपमा उल्लेख गर्दै आएको छ।

# फ्रान्समा विद्यार्थी प्रदर्शन चर्किँदै, सयौँ विद्यालय प्रभावित

पेरिस, १८ असोज (एएफपी)। फ्रान्समा पछिल्ला केही दिनदेखि विद्यालयका विद्यार्थीले विभिन्न माग राख्दै प्रदर्शन गरिरहेका छन्। केही विद्यार्थीले विद्यालयका प्रवेशद्वार अवरुद्ध गरेका छन् भने कतिपय स्थानमा सुरक्षाकर्मीले प्रदर्शन नियन्त्रण गर्न अश्रुग्यास प्रयोग गरेका छन्।



सरकारले विद्यार्थीका केही माग जायज रहेको स्वीकार गरे पनि हिंसात्मक गतिविधि स्वीकार्य नहुने जनाएको छ। सरकारले वामपन्थी राजनीतिक समूहले आन्दोलनलाई थप उक्साएको आरोपसमेत लगाएको छ। विपक्षी पक्षले भने उक्त आरोप अस्वीकार गर्दै आएको छ।

गृह मन्त्रालयका अनुसार सोमबारदेखि ५ हजारभन्दा बढी व्यक्ति पक्राउ परेका छन्। शिक्षा मन्त्रालयका अनुसार शुक्रबारमात्रै करिब ७३५ शैक्षिक संस्था प्रदर्शनबाट प्रभावित भएका थिए। आगामी मङ्गलबार थप ठूलो प्रदर्शनको तयारी भइरहेको बताइएको छ।

**विद्यार्थीका विभिन्न माग**

प्रदर्शनमा मुख्यत: १५ देखि १८ वर्ष उमेर समूहका विद्यार्थी सहभागी छन्। उनीहरूले शिक्षकको अभाव, कक्षाकोठाको अव्यवस्था, अत्यधिक अध्ययन तालिका तथा लामो विद्यालय समयजस्ता विषय उठाएका छन्।

समाजशास्त्री भ्यालेरी बेक्केका अनुसार विशेषगरी कम आय भएका परिवारका विद्यार्थीले आफूहरूले समान स्तरको शिक्षा प्राप्त गर्न नसकेको महसुस गरिरहेका छन्।

**सामाजिक सञ्जालबाट प्रदर्शन विस्तार**

सेप्टेम्बर १७ मा पेरिसनजिकको एक विद्यालयबाट सुरु भएको प्रदर्शन पछिल्लो एक सातामा देशका विभिन्न क्षेत्रमा फैलिएको बताइएको छ। शिक्षकको सङ्ख्या र स्रोतसाधनको अभावको विषयलाई लिएर सुरु भएको प्रदर्शनमा सामाजिक सञ्जालको पनि महत्त्वपूर्ण भूमिका देखिएको छ।

विद्यार्थीले प्रदर्शनका भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गर्ने गरेका छन्। ती सामग्री व्यापक रूपमा फैलिँदा आन्दोलनबारे जानकारी तीव्र गतिमा फैलिएको बताइएको छ।

सामाजिक असमानताको विषय पनि उठ्यो फ्रान्समा सबै विद्यार्थीका लागि माध्यमिक शिक्षाको अवसर उपलब्ध भए पनि विद्यालयको स्तर र सुविधामा भिन्नता रहेको समाजशास्त्रीहरूले बताएका छन्। आर्थिक रूपमा कमजोर परिवारका विद्यार्थीले थप चुनौती सामना गर्नुपरेको उनीहरूको भनाइ छ।

सुरक्षाकर्मीको भूमिकामाथि प्रश्न

प्रदर्शनका क्रममा केही विद्यार्थीले विद्यालय अवरुद्ध गर्नुका साथै प्रहरीतर्फ वस्तु फ्याँक्ने र केही स्थानमा सामानमा आगो लगाउने गतिविधि गरेका छन्। प्रहरीले प्रदर्शन नियन्त्रण गर्ने क्रममा अश्रुग्यास, रबरका गोली तथा लाठी प्रयोग गरेको बताइएको छ।

बुधबार मध्य फ्रान्सको टुर सहरमा विद्यार्थी र प्रहरीबिच झडप हुँदा एक युवकको आँखामा चोट लागेको स्थानीय अभियोजनकर्ताले बताएका छन्।

यसैबिच, सुरक्षाकर्मीको व्यवहारलाई लिएर पनि प्रश्न उठेका छन्। सामाजिक सञ्जालमा प्रहरी कारबाहीसँग सम्बन्धित केही भिडियो सार्वजनिक भएका छन्। अर्कोतर्फ, प्रदर्शनका क्रममा केही प्रहरीमाथि समेत आक्रमण भएको बताइएको छ।

# स्पेनमा भारी वर्षापछि बाढीको चेतावनी, यात्रा प्रतिबन्ध

म्याड्रिड, १८ असोज (सिन्ह्वा)। अत्यधिक वर्षाका कारण उत्तरपूर्वी स्पेनमा बाढीको जोखिम बढेपछि अधिकारीहरूले अत्यावश्यकबाहेकका यात्रामा प्रतिबन्ध लगाएका छन्। कातालोनियामा बाढीसम्बन्धी आपतकालीन योजना सक्रिय गर्दै २० प्रशासनिक क्षेत्रमा आइतबार दिउँसोसम्म प्रतिबन्ध लागू गरिएको छ। अधिकांश यात्रुवाहक तथा क्षेत्रीय रेल सेवा पनि स्थगित गरिएको छ।

मौसमविद्हरूले आइतबार बिहान मौसमको जोखिम उच्चतम तहमा पुग्न सक्ने चेतावनी दिएका छन्। केही क्षेत्रमा तीन घण्टामै ९० मिलिमिटरभन्दा बढी र २४ घण्टामा २०० मिलिमिटरसम्म वर्षा हुन सक्ने अनुमान गरिएको छ। प्रभावित क्षेत्रमा मोबाइल फोनमार्फत आपत्कालीन सूचना पठाइएको छ।

क्याटालोनियाका क्षेत्रीय राष्ट्रपति साल्भाडोर इयाले सर्वसाधारणलाई अत्यधिक सावधानी अपनाउन आग्रह गरेका छन्। अधिकारीहरूले भारी मेघगर्जनसहितको वर्षा, तीव्र हावा तथा पानीका बवण्डर वा टोर्नाडो आउन सक्ने चेतावनी दिएका छन्। आँधी आइतबार उत्तरतर्फ सर्ने अनुमान गरिएको छ।

यसैबिच, मध्य-पूर्वी स्पेनको अल्बासेते प्रान्तस्थित माद्रिगेरासमा आएको आकस्मिक बाढीमा १०२ वर्षीया एक महिलाको मृत्यु भएको छ। बाढीका कारण घर, सवारीसाधन तथा सार्वजनिक संरचनामा क्षति पुगेको छ।

करिब दुई घण्टामा प्रति वर्गमिटर १४० मिलिमिटरभन्दा बढी वर्षा भएपछि आएको बाढीका कारण करिब ९० जनालाई सुरक्षित स्थानमा सारिएको थियो। प्रभावित स्वास्थ्य केन्द्रबाट सेवा सञ्चालन गर्न नसकिएपछि स्वास्थ्य सेवा अस्थायी रूपमा रेडक्रसको परिसरबाट सञ्चालन गरिएको छ।

## विश्व सङ्क्षेप

# गाजामा हमासका वरिष्ठ अधिकारीलाई लक्षित गरी इजरायली सेनाको हवाई हमला



जेरुसेलम,१८ असोज (सिन्ह्वा)। इजरायली सेनाले गाजाको सहरमा हमासका वरिष्ठ अधिकारी अली अहमद अल-अमौदीलाई लक्षित गरी राति हवाई हमला गरेको पुष्टि गरेको छ।

इजरायली सेनाले शनिबार सञ्चारमाध्यममा आएका विवरणको पुष्टि गर्दै अल-अमौदीलाई लक्षित गरेर हमला गरिएको जनाएको हो। यद्यपि, उक्त हमलामा अल-अमौदी घाइते भए वा मारिए भन्नेबारे तत्काल कुनै पुष्टि गरिएको छैन। सेनाका अनुसार घटनाको परिणामबारे अनुसन्धान भइरहेको छ।

इजरायली सेनाले अल-अमौदी रहेको अपार्टमेन्ट हमासले कथित रूपमा आतङ्कवादी गतिविधिका लागि प्रयोग गर्दै आएको दाबी गरेको छ।

सेनाका अनुसार अल-अमौदी हमासको राजनीतिक ब्युरोका उपाध्यक्ष तथा गाजा क्षेत्रमा रहेका हमासका सबैभन्दा वरिष्ठ अधिकारीमध्ये एक हुन्। उनले पूर्व हमास नेता याह्या सिनवारका व्यक्तिगत सहायकका रूपमा समेत काम गरेको इजरायली सेनाको दाबी छ। सिनवारलाई दुई वर्षअघि इजरायली सेनाले मारेको थियो।

इजरायली सेनाले अल-अमौदी सन् २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायलमा भएको हमासको आक्रमणसँग सम्बन्धित निर्णय प्रक्रियामा समेत संलग्न रहेको दाबी गरेको छ। तर, हवाई हमलाको वास्तविक परिणामबारे इजरायली सेनाले अझै अन्तिम जानकारी सार्वजनिक गरेको छैन।

# अमेरिकामा रोजगारी सङ्कट गहिरिँदै ओहायोमा १४ हजार प्रभावित

ओहायो, १८ असोज (एपी)। अमेरिकाको ओहायो राज्यमा रहेको एक ट्रक कारखानाबाट करिब १४ हजार कामदारले रोजगारी गुमाएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चुनावी सभा हुनुभन्दा केही दिनअघि भएको यो ठूलो कर्मचारी कटौतीले स्थानीय श्रमिक समुदायमा चिन्ता बढाएको छ।

दक्षिणपश्चिमी ओहायोस्थित पूर्व नाभिस्टार ट्रक कारखानामा बुधबार कर्मचारी कटौती गरिएको हो। यसबाट डेटन क्षेत्रको रोजगारीमा उल्लेखनीय असर परेको बताइएको छ।

रोजगारी गुमाउनेमध्ये ३० वर्षीय काइल बोस पनि छन्। उहाँका दुई छोरी छन् भने अर्को बच्चा जनवरीमा जन्मिने तयारीमा छ। बोसले परिवारको दैनिक खर्च व्यवस्थापन गर्न अहिले पहिलेभन्दा कठिन भइरहेको बताएका छन्। उहाँका अनुसार खाद्यान्नलगायत दैनिक आवश्यक वस्तुको मूल्य पनि बढेको छ। बोसले यसअघि तीन पटक डोनाल्ड ट्रम्पलाई मतदान गरेका थिए। तर, पछिल्लो अवस्थाबाट आफू निराश भएको उनले बताएका छन्। देशमा राजनीतिक परिवर्तन आवश्यक रहेको उनको भनाइ छ।

आगामी नोभेम्बरमा हुने चुनावमा बोस डेमोक्रेटिक पार्टीका लागि मतदातासँग सम्पर्क गर्ने अभियानमा सहभागी हुने तयारीमा छन्।

यसैबिच, ट्रम्पले शनिबार सोही क्षेत्रमा चुनावी सभा गर्दैछन्। आगामी चुनावमा श्रमिक वर्गको समर्थन महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ।

कुनै समय उद्योग र रोजगारीका लागि प्रसिद्ध डेटन क्षेत्रमा अहिले रोजगारी घट्नु र दैनिक उपभोग्य वस्तुको मूल्य बढ्नुले स्थानीय परिवारमाथि आर्थिक दबाब बढाएको छ।

# होर्मुज जलडमरूमा इरानद्वारा सात तेल ट्याङ्करलाई निशाना बनाएको दाबी

तेहरान, १८ असोज (सिन्ह्वा)। इरानको इस्लामिक रिभोलुसन गार्ड कर्प्स (आईआरजीसी) को नौसेनाले पछिल्ला पाँच दिनमा होर्मुज जलडमरूमा कम्तीमा सात तेल ट्याङ्करलाई निशाना बनाएको इरानको अर्धसरकारी फार्स समाचार एजेन्सीले जनाएको छ। फार्सका अनुसार आईआरजीसीले दैनिक एकभन्दा बढी तेल ट्याङ्करलाई निशाना बनाएको छ। यो घटनाक्रम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले होर्मुज जलडमरू खुला रहेको र अमेरिकाको नियन्त्रणमा रहेको बताउँदै आएका बेला भएको हो।

फार्सले स्वतन्त्र सैन्य पर्यवेक्षक मेन्चओसिन्टलाई उद्धृत गर्दै शुक्रबार जलडमरूमा दुई तेल ट्याङ्करमा विस्फोट भएको जनाएको छ। तीमध्ये एउटा जलमार्गको प्रवेश क्षेत्रमा र अर्को बाहिरिने क्रममा रहेको बताइएको छ।

मेन्चओसिन्टका अनुसार पछिल्ला चार दिनमा कुवेतका अल फुन्टास र काजिमाह-३ तथा संयुक्त अरब इमिरेट्सका सिनबाड, मेर्सिन प्रोस्पेरिटी र अल रुवाइस नामका जहाजहरू पनि प्रभावित भएका छन्।

सिन्ह्वाका अनुसार इरानले फेब्रुअरी २८ देखि होर्मुज जलडमरूमा आफ्नो निगरानी र नियन्त्रण कडा बनाएको छ। इजरायल र अमेरिकासँग सम्बन्धित वा ती देशसँग जोडिएका जहाजलाई सुरक्षित मार्ग दिन रोक लगाइएको इरानको भनाइ छ। यो कदम इरानी भूभागमा भएको संयुक्त हमलापछि चालिएको बताइएको छ।

# ‘मेरो हात खाली छ’ : विस्थापित प्यालेस्टिनीहरू बाँच्न सङ्घर्षरत

*(पश्चिम किनारामा विस्थापित प्यालेस्टिनीहरू झन्-झन् ऋणमा डुब्दै र गरिबीमा बाँचिरहेका छन् ।)*

**तुल्कारेम, अधिकृत बैङ्क (पश्चिम किनारा) :**

हाकिम मारी आफ्नो दिन एउटा एकल ओछ्यानमा सुतेर र आफ्नो विकृत खुट्टा माथि उचालेर बिताउँछन् । मारीको जीर्ण अपार्टमेन्ट, जुन उनको पछिल्लो अस्थायी आश्रयस्थल बनेको छ, त्यसका झ्यालहरू पुराना कम्बलले ढाकिएका छन् । काम गर्न नसक्ने भएकाले मारीसँग बिजुलीको बिल तिर्ने पैसा छैन, त्यसैले ती कम्बलकै भर पर्नुपरेको छ । रातमा, उनको परिवार लगभग अन्धकारमा बस्छ ।

यो अपार्टमेन्ट भग्नावशेषका थुप्रो र बटारिएका फलामे संरचनाहरू नजिकै छ, जसले हाल खाली भइसकेको तुल्कारेम शरणार्थी शिविरको एउटा प्रवेशद्वारलाई जनाउँछ । मारी र अन्य प्यालेस्टिनीहरूका लागि, यो शिविर कुनै बेला अस्थायी मानिने घर थियो । तर, यहाँ पुस्तौँपुस्ताले जीवन बिताए र अब तिनको परिवारलाई वर्षौंसम्म एकताबद्ध राख्ने भौतिक संरचना अर्थात् तिनको घर भने अस्तित्वमा छैन ।

गरिबीको थलिएको हाकिमको परिवार



इजरायली सेनाले तुल्कारेमको शरणार्थी शिविर खाली गरेपछि खादिजा जबेदत र उनका नातिनातिनाहरू धिन्नाबा गाउँको एउटा कोठामा बस्छन् ।

अस्तव्यस्त अवस्थामा छ । ऋण बढ्दै गएको र घरका सदस्यहरू घरबाट निकालिने अवस्थामा पुगेकाले, विगत डेढ वर्षको अवधिमा आफूले कैयौँपटक आत्महत्या गर्नेबारे सोचेको उनले बताए ।

मारी आफ्नो खुट्टाको गम्भीर चोटको उपचार गराउन सक्ने अवस्थामा छैनन्; जसमा गम्भीर सङ्क्रमण विकसित भएको छ । उनले सन् २०१९ मा कब्जा-गरिएको-प्यालेस्टिन ( इजरायल) मा मजदुरका रूपमा काम गर्दा आफूलाई सो चोट लागेको बताए । तुलकारेम शिविरबाट उनको परिवारलाई जबरजस्ती हटाउने क्रममा उनलाई इजरायली सैनिकहरूले नराम्ररी कुटपिट गरेपछि उनको घाउ झन् बल्झिएको थियो । मधुमेह र अन्य उपचार नगरिएका स्वास्थ्य समस्याहरू थपिँदै गएका छन्, तर उनी आवश्यक उपचारका लागि खर्च जुटाउन असमर्थ छन् ।

“यहाँको यो जोर्नी पूरै काम नलाग्ने भइसकेको छ,” उनले सुन्निएको र कालो परेको आफ्नो खुट्टाको तल्लो भागतिर इसारा गर्दै भने ।

“यसको औषधि - अल्लाहको कसम, त्यो औषधि मैले पाउनै सकेको छैन ।” मेरी श्रीमती र छोराछोरी मलाई भन्छन् : बाहिर निस्किनुस्, यात्रा गर्नुस् । अमेरिका वा टर्की जानुस् - ताकि मलाई आवश्यक पर्ने उपचार गर्न सकूँ... म बिरामी मान्छे हुँ ।”

उनकी आमा साल्वा हाकिमसँगै बसिरहेकी थिइन्; हाल उनीहरू पहिले बस्ने गरेको चारतले घरबाट एक किलोमिटरभन्दा कम दूरीमा छन् । सन् १९४८ मा कब्जा-गरिएको- प्यालेस्टिनको सहर हाडेरा (अरबी नाम : अल-खुदायरा) बाट विस्थापित भएपश्चात्, एक-एक तला गर्दै निर्माण गरिएको पारिवारिक घरबारे सोध्दा; उनी भक्कानिइन् । “हामीले त्यो घर बनाउन धेरै मेहनत गरेका थियौँ,” उनले भनिन् ।

उनीहरूलाई हटाइसकेपछि, इजरायली सेनाले मारीको घर भत्काइदियो ताकि खाली गराइएको उक्त शिविर भएर जाने सडक निर्माण गर्न सकियोस् । “त्यो घर ध्वस्त भएको देख्नु हाम्रा सबैका लागि असाध्यै पीडादायी थियो,” उनले भनिन् ।

उत्तरी पश्चिम-किनारामा इजरायली सेनाले व्यापक सैन्य कारबाहीमार्फत जेनिन, तुलकारेम र नूर शाम्स शरणार्थी शिविरहरू खाली गराएको २० महिनाभन्दा बढी भइसकेको छ । यस क्रममा हजारौँ प्यालेस्टिनीहरू विस्थापित भए, जसका परिवारहरू तीन पुस्ता अघिदेखि नै शरणार्थीका रूपमा रहँदै आएका थिए । सैन्य निषेधित क्षेत्रसम्बन्धी आदेशहरू निरन्तर नवीकरण भइरहँदा उनीहरूको फिर्ती रोकिएको छ ।

सन् २०२५ को जनवरीयता, हाकिमको परिवार चारपटक बसाइँ सर्न बाध्य भएको छ । सुरूमा, उनीहरू भागेर एउटा युवा केन्द्रमा परिणत गरिएको भवनमा आश्रय लिन पुगे; त्यसपछि, १५ वर्षमुनिका आफ्ना चार सन्तानसहित उनीहरू एउटा साँघुरो अपार्टमेन्टमा बस्न पुगे ।

घरभाडा तिर्न नसकेको उक्त परिवारले घरधनीको उदारताको पनि अब सीमा सकिँदै गएको महसुस गर्न थालेको छ, किनकि कुनैबेला अस्थायी भनिएको यो बसोबासको व्यवस्था कहिले टुङ्गिने हो भन्ने कुनै टुङ्गो छैन । हाकिमले स्थानीय पसलहरूमा उधारोमा किनेको खाद्यान्नबापतको पैसा तिर्न बाँकी छ । कुनै-कुनै रात, उनका बच्चाहरू छिमेकीको घरमा खान्छन् ।

“मेरा छोराछोरी छन् । मसँग खानेकुरा र पिउने चिज छैन,” उनले भने । “मेरा हात खाली छन् । मसँग कोही छैन । मेरो साथमा उभिने कोही छैन ।”

**‘हामी अन्तिम बिन्दुमा छौँ’**

सन् २०२५ को सुरूतिर इजरायली सेनाद्वारा जेनिन, नूर शाम्स र तुल्कारेम शिविरहरूबाट जबरजस्ती हटाइएका ३३,००० भन्दा बढी प्यालेस्टिनीहरूमध्ये मारी परिवार पनि पर्दछ । प्यालेस्टिनी शरणार्थीहरूको लागि संयुक्त राष्ट्रसङ्घीय निकाय, अन्रा (UNRWA) का अनुसार सन् १९६७ मा इजरायलको कब्जा सुरु भएयता पश्चिम किनारामा भएको जबरजस्ती विस्थापनको यो सबैभन्दा ठुलो एकल घटना हो ।

संयुक्त राष्ट्रसङ्घको स्याटेलाइट तस्बिरले देखाउँछ कि तीनवटै शिविरमा रहेका कुल भवनहरूमध्ये २० प्रतिशत ध्वस्त भएका छन् र अन्य २८ प्रतिशतमा क्षति पुगेको छ ।

“हामीले देखिरहेको विनाशको स्तर गम्भीर र अभूतपूर्व छ,” प्यालेस्टिनी शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय अन्राका पश्चिम-किनारा मामिला हेर्ने निर्देशक रोलान्ड फ्रेडरिकले भने ।

फ्रेडरिकका अनुसार, शिविरहरू खाली गरिएपछि धेरैले रोजगारी गुमाएकाले विस्थापितहरूमध्ये ८५ प्रतिशतसँग कुनै नियमित आम्दानी छैन । यहाँका ८० प्रतिशतभन्दा बढी बासिन्दाहरू भाडामा बस्छन्; शिविरभित्र आवास वा आधारभूत सेवा-सुविधामा कहिले खर्च नगर्ने परिवारहरूका लागि यो नौलो खर्च हो ।

फ्रेडरिकका अनुसार शिविरहरू समेटिएको ‘निषेधित सैन्य क्षेत्र’ को म्याद हरेक दुई महिनामा नवीकरण गरिन्छ, तर त्यहाँका बासिन्दाहरूलाई कहिले वा कहिल्यै - फर्कन दिइने हो वा होइन भन्नेबारे कुनै सङ्केत छैन । फ्रेडरिकले भने “हामीले त्यहाँ देखेको कुरा जबरजस्ती विस्थापन हो, संयुक्त राष्ट्रसङ्घको अडान एकदमै स्पष्ट छ : मानिसहरूलाई फर्कन अनुमति दिइनुपर्छ । शिविरहरू पुनर्निर्माण गरिनुपर्छ ।”

सन् २००० देखि २००५ को दोस्रो इन्तिफादापछि जेनिन शिविरको पुनर्निर्माण गरिएको थियो तर यसपटक भने विस्थापित परिवार र अन्राका कर्मचारीहरूमा फर्किने कुनै योजना नभएकोमा चिन्ता छ ।

इजरायली सेनाले शिविरहरूबाट लडाकुहरूलाई निर्मूल पार्ने प्रयासस्वरूप ‘परिचालनगत सुरक्षा’ का लागि ती शिविरहरू खाली गरिएको जनाएको छ । फ्रेडरिकलाई सैन्य कारबाहीको उद्देश्य ‘प्यालेस्टिनी शरणार्थी समस्याको भौगोलिक स्वरूप परिवर्तन गर्नु’ हो भन्ने चिन्ता थियो ।

आपत्कालीन प्रतिकार्यका रूपमा सुरु गरिएको कार्य सुरु भएको २० महिनाभन्दा बढी समय बितिसक्दा पनि, आर्थिक कोषको अभावका कारण अन्रा विस्थापित जनसङ्ख्याको विशाल आवश्यकताहरू पूरा गर्न असमर्थ भएको छ । यसले विद्यालय र आधारभूत स्वास्थ्य क्लिनिकहरू सञ्चालनमा राखिरहन केही कार्यहरू अन्यत्र सारेको छ । आर्थिक स्रोत घट्दै गएपछि, अन्राले ‘लक्षित दृष्टिकोण’ अपनाएको छ, जसका कारण हजारौँ मानिस सहयोगबाट वञ्चित भएका छन् ।

फ्रेडरिकले परिवारमा परेको आर्थिक दबाब तथा अन्राका मनोसामाजिक टोलीहरूले विस्थापित बालबालिकामा देखेको बढ्दो रूपमा डिप्रेसन र चिन्तासँग जोडिएको लैङ्गिक हिंसाको वृद्धितर्फ औँल्याए । “हामी अहिले नै अन्तिम बिन्दुमा पुगिसकेका छौँ,” उनले घोषणा गरे ।

**सबैजना आ-आफ्नो बाटो लागे**

हाकिमको विस्थापनको घटना शिविरको छायामा घटिरहँदा, खादिजा जबेदातको परिवार भने तुल्कारेमको बाहिरी इलाकामा आफूमाथि आइलागेको तत्कालको निष्कासनको सामना गरिरहेको छ । उनीहरू धिन्नाबाको बस्तीमा बस्छन्, जहाँ छिटपुट घरहरूका बिचमा हरितगृहहरू पनि रहेका छन् । उनीहरू सहरको केन्द्र नजिकै बसोबासको व्यवस्था गर्न असमर्थ छन् ।

एक विधवा, खदिजा परिवारका नौ जना सदस्यहरू (जसमा प्राय: बालबालिकाहरू छन्) सँग एउटा साझा सानो र सामान्य कोठामा बस्छिन् । साथै उनीहरूले एउटा सानो शौचालय र एकजना व्यक्तिले मुस्किलले खाना पकाउन पुग्ने आकारको साझा भान्सा छ । एउटा पुरानो सोफाले एउटा कुना ओगटेको छ । त्यसको माथिपट्टि छतको पत्र उप्किरहेको छ ।

खादिजाकी बहिनीका श्रीमान्का एक आफन्तले उनीहरूलाई त्यो कोठा नि:शुल्क



जबेदात परिवारका सदस्यहरू बाहिर सोफामा बसेका छन् । उनीहरू बस्ने कोठा बायाँतर्फ छ ।

उपलब्ध गराएका थिए; त्यसअघि उनीहरू खादिजाकी छोरीको घरमा अन्य नौ जनासँगै कोचाकोच भएर चार महिना बसेका थिए । “ठाउँ एकदमै साँघुरो भयो, एकअर्कामाथि दबाब बढ्यो,” जबेदातले भने ।

खदिजाले बताइन् कि उनको परिवारलाई सन् २०२५ को जनवरीमा तुल्कारेम शिविरको हारेत अल-नादी क्षेत्रबाट विस्थापित गरिएको थियो; उक्त क्षेत्रको ठुलो हिस्सा ध्वस्त भइसकेको छ ।

उनले उनीहरूको अघिल्लो जीवनबारे भनिन्, “त्यो शिविर उत्कृष्ट थियो, कसम, म त चाहन्छु कि उनीहरूले हामीलाई फेरि त्यहीँ फर्काएर लगून् । सबै कुरा हाम्रै नजिकै थियो, प्रिय; त्यो निकटता, अपनत्वको भावना र न्यानोपन, अनि साथीभाइ र छिमेकीहरूको साथ ।”

उनलाई सबैभन्दा बढी सँगालेर राखेका र उनलाई भावुक बनाई आँखा रसाउने यादहरू खानाका परिकारसँग सम्बन्धित छन् : ईदका लागि छरछिमेक मिलेर बनाइएका अङ्गुरका पात बेरिएको मिठाइ र मामुल कुकिज । यसपालि



आफ्नो परिवारको अपार्टमेन्टमा घाइते खुट्टासहित हकिम मारी, यसै चोटका कारण उनी काम गर्न असमर्थ छन् ।

त्यस्तो केही पनि बनेनन् ।

उनले भनिन्, “केही पनि भएन । कुनै कुकिज पनि बनेनन्, अब त कसैमा पनि केही गर्ने जाँगरै बाँकी थिएन । सबैजना आ-आफ्नो बाटो लागे ।”

मारी परिवार र अन्यहरू जस्तै, उनीहरूलाई पनि अकस्मात विस्थापित हुँदा आफ्ना सरसामान साथमा लैजान दिइएन । त्यसयता केही बासिन्दाहरूलाई शिविरभित्रका आफ्ना घरबाट एक-दुई पटक सामान निकाल्ने अनुमति दिइएको छ तर उनीहरूका धेरैजसो सामानहरू भने उतै छुटेका छन् । एकपटक खादिजाकी बुहारी गोली लाग्ने जोखिम मोलेरै शिविरको भग्नावशेषमा फर्केकी थिइन्; उनले त्यहाँ छोडिएको एउटा खेलौना (पुतली) लिनुपर्ने थियो, जसका लागि खादिजाकी नातिनी स्यान्डीले रुन छोडेकी थिइनन् ।

तुल्कारेममा, विस्थापित परिवारहरू कि त शिविरको सबैभन्दा नजिकका गरिब क्षेत्रमा, जस्तै मारी परिवारहरू वा सस्तो पर्ने बाहिरी इलाकाहरूमा, जस्तै जबेदात परिवारहरू बसोबास गर्छन्; यसरी उनीहरू अन्राद्वारा उपलब्ध गराइने स्वास्थ्य तथा शिक्षा सेवाहरूको पहुँचमा रहन सक्ने गरी नजिकै बस्छन् । तर, सामान्य किनमेलका लागि जान पनि कार नभएकी खादिजाले २ किलोमिटरको यात्रा गर्नुपर्छ ।

रातमा, हावा आवतजावतको प्रबन्ध नभएको कोठाको निसासिने गर्मीमा बस्नुको सट्टा बाहिर बस्छन्; इजरायली सैन्य ड्रोनहरू टाउको माथि तल्लो उचाइमा गुज्रिरहेको हेर्दै । “के गर्ने ? हामीलाई तिनलाई देख्ने, तिनलाई वरिपरि पाउने र तिनले घरहरूमा धावा बोल्ने कुरामा अभ्यस्त भइसकेका छौँ,” खादिजाले भनिन् ।

शरणार्थी शिविरमा सधैँ त्रास फैलाउने सैन्य छापाको सिलसिला अब विस्थापित शरणार्थीहरू भागेर पुगेका ठाउँहरूसम्मै आइपुगेको छ । “हामी सुरक्षित महसुस गर्दैनौँ,” खादिजाले भनिन् । उनले भनिन्, “न त बच्चाहरू नै सुरक्षित छन् । यो खतरनाक छ । जब उनीहरू कतै बाहिर जान चाहन्छन्, उनीहरू नफर्किउन्जेल मेरो मन बेचैन रहन्छ ।”

**फेरि निकालिने प्रतिक्षामा**

विस्थापनपछिका केही महिनासम्म घरधनी, आफन्त र पसलेहरूले त्यसको अधिकांश भार आफै बेहोरे; उनीहरूले परिवारहरूलाई नि:शुल्क बस्न दिए वा उधारोमा खाद्यान्न उपलब्ध गराए । तर, आपत्कालीन अवस्था अब झन्डै दुई वर्ष लम्बिसकेकाले, त्यो अनौपचारिक सुरक्षा कमजोर हुँदै गइरहेको छ । विशेष गरी आर्थिक रूपमा शिथिल बनेको तुल्कारेममा यसको दबाब महसुस गरिएको छ । अक्टोबर २०२३ मा दक्षिणी इजरायलमा हमासको नेतृत्वमा भएका आक्रमण र गाजामा इजरायलको नरसंहारकारी युद्धको सुरुआतपछि प्यालेस्टिनीहरूको काम गर्ने अनुमतिपत्रहरू रद्द गरिनुअघि, त्यहाँका धेरै परिवारहरू इजरायलभित्रको रोजगारीमा निर्भर थिए ।

खदिजाको परिवार बसिरहेको घरका मालिकले हालै आफ्नी बहिनीलाई पत्र पठाएर उनीहरूलाई घर छोड्न भने । “उनीहरूलाई धेरै समय बितिसकेको जस्तो लाग्छ,” खदिजाले बताइन् । उनले भनिन्, “उनीहरूलाई त्यो जग्गा र त्यहाँको ठाँउबाट फाइदा लिन चाहन्छन् । ... तर हामीले पैसा कहाँबाट ल्याउने, कहाँबाट तिर्ने ? भाडा धेरै महँगो छ र हामी त्यो तिर्न सक्दैनौँ । यदि उनी फेरि आएर हामीलाई निकालिदिइन् भने के गर्ने भन्ने हामीलाई थाहा छैन ।”

हाकिमको परिवार पनि घरबाट निकालिने अवस्थामा पुगेको छ । उनले पनि अन्राबाट ९८५ डलरको एकमुष्ट घरभाडा अनुदान र अल्पकालीन सहयोगका लागि ५६० डलरको छुट्टै बहउद्देश्यीय नगद सहायता प्राप्त गरेका थिए । “घरधनीले हामीलाई कहिले निकाल्छन् भनेर म हरेक पल पर्खिरहेको छु,” उनले भने ।

खदिजाको परिवार पसलवालाहरूबाट लिइने उधारोमा गुजारामा चलाउँछ; उनीहरूलाई परिवारको अवस्थाबारे थाहा छ र हालसम्म उधारो दिँदै पनि आएका छन् - तर अब उनीहरूको धैर्यताको बाँध टुट्दै छ ।

हाकिमले भने कि यो सद्भाव भत्किँदै छ : “तपाईं उनीहरूलाई भन्नुहुन्छ : रुमलाई एक-दुई दिनको समय दिनुहोस् ।’ मप्रति धैर्य राख्नुहोस् ।’ तर, उनीहरू मान्दैनन् ।”

सन् १९४८ मा आफ्नो परिवारको भूमिमा फर्कने कुरा अहिले जति नै टाढाको विषय लागे पनि, खदिजा अझै कुनै दिन त्यहाँ फर्कने आशा राख्छिन् । तर, उनलाई चिन्ता छ कि उनका सन्तानले यो पछिल्लो विस्थापनअघिको अवस्थाभन्दा पनि अझ बढी अनिश्चित जीवन भोग्नुपर्ने हुन सक्छ - पुस्तौँदेखि शरणार्थी बनेका उनीहरू फेरि पनि विस्थापित हुनुपर्ने अवस्था । “भोलि के हुनेछ भन्ने कुरा अल्ललाई मात्र थाहा छ,” खादिजाले भनिन् ।

*- अल् जजीरा*

# बाल विकास इङलिस सेकेन्डरी स्कूलको फुटसल मैदान उद्घाटन



भक्तपुर, १८ असोज । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बाल विकास इङलिस सेकेन्डरी स्कूलको नवनिर्मित फुटसल मैदानको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले विद्यालयको निरन्तर प्रगतिको कामना गर्दै बाल विकास इङलिस सेकेन्डरी स्कूलले हरेक वर्ष नयाँ-नयाँ कार्यलाई अगाडि बढाउँदै देशकै उदाहरणीय विद्यालयका रूपमा विकास हुँदै आएको बताउनुभयो ।

विद्यालय ज्ञान प्राप्त गर्ने थलो मात्र नभई विद्यार्थीको सर्वाङ्गीण विकास गर्ने महत्त्वपूर्ण स्थान भएको उल्लेख गर्दै उहाँले अध्ययनसँगै खेलकुदमा सहभागी हुन पाउँदा विद्यार्थीको व्यक्तित्व विकासमा महत्त्वपूर्ण योगदान पुग्ने बताउनुभयो ।

विद्यालय तहदेखि नै विद्यार्थीले आफूमाझ रहेको क्षमता प्रदर्शन गर्दै उत्कृष्टता हासिल गर्नुपर्नेमा जोड दिँदै उहाँले भक्तपुरलाई शिक्षासँगै खेलकुदमा समेत उत्कृष्ट नगर बनाउने प्रयास भइरहेको बताउनुभयो ।

भक्तपुरका खेलमैदान स्तरीकरण गर्ने कार्य जारी रहेको उल्लेख गर्दै उहाँले भक्तपुरबाट राम्रा खेलाडी उत्पादन भइरहेको जानकारी दिनुभयो ।

निजी तथा सामुदायिक दुवै विद्यालयको समान रूपमा विकास भइरहेको चर्चा गर्दै उहाँले आगामी कार्तिक महिनामा अन्तरविद्यालय खेलकुद प्रतियोगिता आयोजना हुन लागेको जानकारी दिनुभयो ।

बाल विकास इङलिस सेकेन्डरी स्कूल परिवारको तर्फबाट सुरेन्द्रराज गोसाईंले फुटसल मैदान निर्माण विद्यार्थीको खेलकुद विकासका लागि सानो तर महत्त्वपूर्ण कदम भएको बताउनुभयो ।

अतिरिक्त क्रियाकलापअन्तर्गत विद्यार्थीलाई उज्ज्वल भविष्यका लागि आवश्यक अवसर प्रदान गर्ने उद्देश्यले विद्यालयले विभिन्न गतिविधि सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो ।

फूटसल मैदान निर्माणले विद्यार्थी खुसी भएको उल्लेख गर्दै उहाँले मैदान निर्माणमा भक्तपुर नगरपालिकाले पुऱ्याएको महत्त्वपूर्ण सहयोगप्रति आभार व्यक्त गर्नुभयो ।

साथै, खेलकुदको विकासका लागि नगरपालिकाले गर्दै आएको प्रयासको चर्चा गर्दै विद्यालयले पनि खेलकुद गतिविधिलाई निरन्तर अगाडि बढाउने उहाँले बताउनुभयो ।

कार्यक्रममा शिक्षक शङ्कर आचार्यले पनि बोल्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि तथा अतिथिहरूले नवनिर्मित फूटसल मैदानको अवलोकन गर्नुभएको थियो । सो अवसरमा विद्यार्थीहरूले मैत्रीपूर्ण फुटसल खेलसमेत खेलेका थिए ।

# नवदुर्गा अःखछैँ निर्माणका लागि उपभोक्ता समिति गठन




भक्तपुर, १८ असोज । नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्थाको आयोजनामा आइतबार नवदुर्गा मन्दिर गछेँस्थित प्रशिक्षण कार्यक्रम तथा नवदुर्गा अःखछैँ (नवदुर्गा नाच प्रशिक्षण तालिम घर) निर्माणका लागि उपभोक्ता समिति गठन भयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले मल्लकालीन समयअगाडि सञ्चालित मानव समाजमा दिशाबोध गर्ने उद्देश्यका साथ देवगण जात्रा संरक्षण र संवर्द्धन गर्न भक्तपुर नगरपालिका हरेक समयमा तत्पर रहेको विचार व्यक्त गर्नुभयो । उहाँले नवदुर्गा देवगण जात्रा समुदायमा आधारित संस्कृति भएको कारण देवगणहरूले सभ्य र भव्य रूपमा जात्रा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले देवगण जात्राको विषयक अभिलेखहरू प्रकाशित गर्नुपर्ने विचार व्यक्त गर्दै भक्तपुर सभ्य र व्यवस्थित सहरको रूपमा विकास भई अष्टमातृका देवगण मठमन्दिरबाट घेरिएको ऐतिहासिक सहर भएको जानकारी गराउनुभयो । तालिम घर अःखछैँ निर्माणलगत्तै संरक्षणको जिम्मेवारी सम्हाल्न पनि देवगणहरूको महत्त्वपूर्ण भूमिका हुनुपर्ने धारणा उहाँले राख्नुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले मानव समाजकै पहिचान बोकेको नेपालकै लामो सांस्कृतिक धरोहर नवदुर्गा जात्राको संरक्षणमा बनमाला अथवा उजाजुहरूको योगदान महत्त्वपूर्ण रहेको छ भन्नुभयो । भक्तपुरको कला संस्कृति संरक्षणमा भक्तपुर नेपालकै पहिलो नगरको रूपमा अगाडि बढिरहेको विचार व्यक्त गर्दै उहाँले नवदुर्गा जात्रा, खम्ये जात्रा सभ्य रूपमा सम्पन्न गर्न स्थानीय वडावासीहरूको भेला कार्यक्रममा हुने जानकारी गराउनुभयो ।

यस वर्ष ब्रह्मायणी पीठ मन्दिर पुनः निर्माण गर्ने योजनाबारे जानकारी गराउँदै उहाँले नयाँ पुस्ताका देवगणहरू सचेत र संयमता अपनाएर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

संस्थाका सल्लाहकार नारायणमान बनमालाले जात्राको महत्त्वबारे प्रकाश पार्दै देवगणहरू सचेत र सङ्गठित रूपमा जात्रा संरक्षण गरी कसैको लोभलालचमा परी आफ्नो अस्तित्व गुमाउने कार्यमा सचेत हुनुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष बालगोपाल बनमालाको सभापतित्वमा भएको सो भेलामा स्वागत राजकुमार बनमालाले गर्नुभयो भने बनमाला समाजका अध्यक्ष आशाकाजी बनमालाले अःखछैँ निमार्णबारे जानकारी दिनुभयो ।

उक्त अःखछैँ नवदुर्गा नाच तालिम घर भनपा वडा नं. ७ स्थित नासचा मन्दिरपछाडिको जग्गामा बनाइनेछ ।

अपाङ्गता...

अपाङ्गता भएका व्यक्तिको हक-अधिकार सुनिश्चित गर्ने उद्देश्यले नगरपालिकाले विभिन्न गतिविधि सञ्चालन गर्दै आएको र आवश्यक पर्ने सहायक सामग्री वितरण गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जमुना मिश्रले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

अपाङ्गता समिति सदस्य तथा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले सहभागीलाई स्वागत गर्नुभएको थियो । उहाँका अनुसार भक्तपुर नगरपालिकाभित्र हाल ७२६ जना अपाङ्गता भएका व्यक्तिले परिचयपत्र प्राप्त गरेका छन् ।

कार्यक्रममा कार्यपालिका सदस्य रोसनमैयाँ सुवाल, डा. रत्नसुन्दर लासिवा, अपाङ्गता परिचयपत्र वितरण समितिका सदस्य हिमालयश्वरलाल मूल तथा जिल्ला बहिरा सङ्घका अध्यक्ष सूर्यबहादुर बुढाथोकीलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**दसैं र तिहार लक्षित बजार व्यवस्थापनसम्बन्धी सूचना**

भक्तपुर नगर क्षेत्रभित्र दसैं र तिहार लक्षित बजार व्यवस्थापन गर्न बाटोको दायाँ बायाँ तथा फुटपाथमा अव्यवस्थित रूपमा तरकारी, फलफूल तथा फूल व्यवसायहरू नराखी भक्तपुर नगरपालिका वडा नं. ५ पसिखेलस्थित तरकारी बजारमा व्यवस्थापन गर्नुहुन साथै खरिद गर्ने नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूले पनि सोही स्थानमा गई तरकारी, फलफूल तथा फूलहरू किनबेच गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च** : थप जानकारीको लागि भ.न.पा ५ नं. वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**हार्दिक श्रद्धाञ्जली**

जन्म
१९९२/१२/२३



स्वर्गारोहण
२०८३/०६/१३

हाम्रा आत्मीय बुबा **रत्नलाल दुमरू**को दुःखद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना अर्पण गर्दछौं ।

| छोरीहरू | ज्वाइँहरू |
|---|---|
| कमलकेशरी मुस्याखो | विष्णु मुस्याखो |
| सुन्दरीमैया कोजु | शिबराम कोजु |
| मंगललक्ष्मी दुवाल | पुण्यराम दुवाल |

**हार्दिक समवेदना**

जन्म
१९९२/१२/२३



स्वर्गारोहण
२०८३/०६/१३

यस संस्थाका सञ्चालक समितिका अध्यक्ष पुण्यराम दुमरुका पूजनीय पिता तथा सञ्चालक समितिका सदस्य मैंया दुमरु र लेखा सुपरिवेक्षण समितिका सदस्य कृष्णदेवी दुमरुका ससुरा **रत्नलाल दुमरू**को सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सञ्चालक समिति**
**सिद्धि कृषि सहकारी संस्था लि.**
कमलविनायक-१०, भक्तपुर

**हार्दिक समवेदना**

जन्म
१९९२/१२/२३



स्वर्गारोहण
२०८३/०६/१३

यस समूहका सदस्य रामचन्द्र दुमरुका पूजनीय बुबा **रत्नलाल दुमरू**को दुःखद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**२ गते समूह परिवार**
भक्तपुर

**हार्दिक समवेदना**

जन्म
१९९३/०१/१६



स्वर्गारोहण
२०८३/०६/१६

यस समितिका सदस्य **गोपालदास पही**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**चोछेँ ब्यासी सद्भाव समिति**
चोछेँ, ब्यासी, भक्तपुर, नेपाल

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा